नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२

## १. पृष्ठभूमि

विक्रम संवत २०७२ साल वैशाख १२ गते शनिबार मध्यान्ह ११:५६ मा गोरखा जिल्लाको बारपाक केन्द्र बिन्दु भएको ७.६ रिक्टर स्केलको विनाशकारी भूकम्प र त्यसपछिका परकम्पनहरुले नेपालका १४ जिल्लामा ठूलो जनधनको क्षति भएको छ । वि. सं. १९९० सालको महाभूकम्पपछि आएको यो विनाशकारी भूकम्पबाट अतिप्रभावित १४ जिल्ला सहित ३१ जिल्ला प्रत्यक्ष प्रभावित भए । विपद्पछिको आवश्यकता आंकलन प्रतिवेदन अनुसार ८,७९० जनाले ज्यान गुमाए भने २२,३०० जना घाइते भए । भौतिक क्षतिको हकमा ४,९८,८५२ निजी घर र २,६५६ सरकारी भवन पूर्णरुपले क्षतिग्रस्त भएका छन् । आंशिकरुपले २,५६,६९७ निजी भवन र ३,६२२ सरकारी भवन क्षतिग्रस्त भएका छन् । विद्यालय भवनहरुका हकमा १९,००० भन्दा बढी कक्षा कोठा पूर्णरुपमा र ११,००० भन्दा बढी कक्षा कोठा आंशिकरुपमा क्षति भएका छन् ।

यस विपदबाट मुलुकको समग्र राष्ट्रिय अर्थतन्त्रमा नै नकारात्मक असर परेको छ । भूकम्पबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माणको लागि रु. ६ खर्ब ६९ अर्बको बजेटको प्रारम्भिक अनुमान गरिएको छ । यस महाविपत्तिबाट परेको प्रभावको सामना गर्न राहत, पुनर्निर्माण र पुनर्स्थापनाका कार्यलाई चरणबद्धरुपमा अघि बढाउनका लागि व्यवस्थापिका-संसदको २०७२ वैशाख ३० गते पारित संकल्प प्रस्ताव, नेपालको संविधान, २०७२, भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२, राष्ट्रिय पुनर्निर्माण परामर्श परिषदको सुझाव, विपदपछिको आवश्यकता आंकलन प्रतिवेदन र पुनर्निर्माणका लागि काठमाडौंमा भएको अन्तर्राष्ट्रिय सम्मेलनबाट व्यक्त विचार तथा सुझाव समेतलाई आधार लिई राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तयार गरिएको छ ।

## २. पुनर्निर्माण नीतिको आवश्यकता

भूकम्पबाट क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणका लागि सरकारी तथा गैरसरकारी निकायहरु, निजी क्षेत्र, सामुदायिक तथा स्वयंसेवी संस्थालाई समन्वयात्मक ढंगले परिचालन गर्ने कार्यलाई सहज बनाउन

र निर्दिष्ट उद्देश्य प्राप्तिका लागि निर्देशित होस् भन्ने अभिप्रायले प्रस्तुत नीति तर्जुमा गरिएको हो । अन्तर्राष्ट्रिय अनुभव समेतलाई हेर्दा यस प्रकारका महाविपत्ति पश्चात् प्रभावित राष्ट्रलाई सहयोग गर्न चाहने विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा अन्यबाट सहयोग लिन र आवश्यक समन्वय गर्न यस नीतिले प्रभावकारी भूमिका निर्वाह गर्नेछ । यसै नीति अन्तर्गत रहेर पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न सहयोग पुग्नेछ । यसैगरी यो नीतिले बहुआयामिक तथा अन्तरसम्बन्धित विषयहरुलाई सम्बोधन गर्न पनि सहयोग पुऱ्याउनेछ ।

## ३. दूरदृष्टि

"सुव्यवस्थित एवं सुरक्षित बस्ती तथा समृद्ध समाजको स्थापना ।"

**ध्येय**

"स्पष्ट योजनाका साथ स्थानीय श्रम, स्रोत र साधनको अधिकतम प्रयोग एवं अन्तर्राष्ट्रिय सहयोग समेत लिई भूकम्प पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गर्नका लागि नेतृत्व गर्ने ।"

## ४. मार्गदर्शक सिद्धान्त

यस नीति कार्यान्वयन गर्दा देहायका विषयहरुलाई मार्गदर्शक सिद्धान्तको रुपमा अवलम्बन गरिनेछ ।

४.१ नेपाल सरकार र प्राधिकरणबाट समन्वित नीति र विकेन्द्रित कार्यक्रमको अवधारणालाई अवलम्बन गर्ने ।

४.२ आवास तथा बस्ती विकास गर्दा नयाँ, आधुनिक र सुरक्षित आवास तथा बस्ती विकासको अवधारणालाई अवलम्बन गर्ने ।

४.३ पुनर्निर्माणमा स्थानीय सामग्री, ज्ञान, सीप, श्रम र वास्तुकलाको प्रयोगलाई प्राथमिकता दिने ।

४.४ अझ राम्रो र बलियो बनाऔं भन्ने अवधारणा अवलम्बन गर्ने ।

४.५ सुरक्षित नेपाल निर्माणको दीर्घकालीन लक्ष्य सहित विपदव्यवस्थापन कार्यलाई समग्र विकासको अभिन्न अंगका रुपमा मूल प्रवाहीकरण गर्ने र त्यसका लागि आवश्यक

नीतिगत, संरचनागत तथा कानूनी व्यवस्था गरी सरकारका सबै तह र अंगहरुलाई परिचालित गर्ने अवधारणा लिइने ।

४.६ स्वनिर्माणको अवधारणा अनुसार निजी आवासीय घर सम्बन्धित घरधनीद्वारा बनाउने । निजी र सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गता तथा बालबालिका मैत्री हुनुपर्ने ।

४.७ आवासीय घर र सार्वजनिक भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी डिजाइन, वास्तुकला, निर्माण विधि, निर्माण सामग्रीबारे सम्बन्धित सरोकारवाला तथा लक्षित समूहलाई पूर्व जानकारी गराउने ।

४.८ निर्माण सामग्रीको प्रयोगमा यथासम्भव स्वदेशमा उत्पादित सामानको प्रयोगमा जोड दिने ।

४.९ बस्तीको पुनर्निर्माण सम्भव भएसम्म यथास्थानमै गर्ने, स्थानान्तरण गर्नु पर्दा स्थानीयबासीको जीविकोपार्जन, संस्कृति र परम्पराको कदर गर्दै सकेसम्म पुरानो बस्तीको नजिकै वा सोही क्षेत्र वा जिल्लाभित्र नयाँ बस्ती बसाउने र अन्य जिल्लामा स्थानान्तरण गर्नै पर्ने अवस्था आएमा स्थानीयबासीको संस्कृति र रहनसहनमा नकारात्मक प्रभाव नपर्ने गरी पुनर्वास गराउने । साथै बस्तीको भौतिक स्वरुपका साथै आर्थिक रुपले समृद्ध समाजको निर्माणलाई ध्यान दिने ।

४.१० राजनीतिक दल, स्वदेशी गैरसरकारी तथा सामुदायिक संस्था, पेशागत संघसंस्था, सामाजिक र धार्मिक संघ संस्था, मित्रराष्ट्र, अन्तर्राष्ट्रिय दातृ निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतलाई नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत परिचालन गर्ने ।

४.११ भूकम्प प्रभावित परिवारलाई राज्यबाट दिइने सहयोग सम्बन्धी प्रावधानमा निश्चित मापदण्डभित्र रहेर एकरुपता कायम गर्ने ।

४.१२ क्षेत्रगत र निकायगत (सरकारी, गैरसरकारी) एकरुपता कायम गरी पारदर्शी ढंगले सहयोग उपलब्ध गराउने तथा भूकम्प प्रभावित क्षेत्रका अति विपन्न परिवार, दलित, गर्भवती तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जोखिममा रहेका बालबालिका, जेष्ठ नागरिकका विशेष आवश्यकताको पहिचान गरी उपयुक्त कार्यक्रम तर्जुमा गर्ने ।

४.१३ पुनर्निर्माण र सहयोग गर्ने सिलसिलामा सामाजिक तथा धार्मिक सद्भावमा खलल पार्ने प्रवृत्तिलाई रोक लगाउने ।

४.१४ भूकम्प पश्चात उद्धार, राहत तथा खोजी कार्यमा देखिएको राष्ट्रिय एकता, सद्भाव र सहनशीलतालाई पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा पनि निरन्तरता दिने ।

४.१५ भूकम्प प्रभावित क्षेत्रमा लागू गरिने नीति तथा कार्यक्रम आवश्यकता र उपयुक्ता हेरी देशका अन्य भागमा पनि क्रमशः लागू गर्दै जाने ।

## ५. उद्देश्य

५.१ पूर्ण तथा आंशिक रुपले क्षतिग्रस्त आवासीय, सामुदायिक एवं सरकारी भवन, प्राचीन स्मारक समेतका संरचनाहरुको प्राकृतिक विपदप्रतिरोधक हुने गरी स्थानीय आवश्यकता अनुरुपको उपयुक्त प्रविधि अपनाई जीर्णोद्वार, प्रबलीकरण, पुनर्निर्माण एकिकृत तवरबाट गर्ने ।

५.२ क्षतिग्रस्त सहर तथा प्राचीन बस्तीहरुको मौलिकतालाई कायम गर्दै स्वरुप र संरचनामा सुधार गरी पुनर्स्थापना गर्ने ।

५.३ भूकम्पबाट प्रभावित क्षेत्रका जोखिममा रहेका व्यक्ति र समुदायको संरक्षण तथा उत्थान गर्ने ।

५.४ आर्थिक अवसर तथा जीविकोपार्जनका लागि उत्पादनमूलक क्षेत्रको पुनर्स्थापना गर्दै नयाँ विकल्पहरुको विकास गर्ने ।

५.५ भूकम्पीय क्षति र यसका प्रभावहरु, पुनर्निर्माण, पुनर्स्थापना तथा विपदजोखिम न्यूनीकरण सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने ।

५.६. एकीकृत एवं योजनाबद्ध बस्तीहरुको विकास गर्ने ।

## ६. रणनीति

**६.१ पूर्ण तथा आंशिक रुपले क्षतिग्रस्त आवासीय, सामुदायिक एवं सरकारी भवन, प्राचीन स्मारक समेतका संरचनाहरुको प्राकृतिक विपदप्रतिरोधक हुने गरी स्थानीय आवश्यकता अनुरुपको उपयुक्त प्रविधि अपनाई जीर्णोद्वार, प्रबलीकरण, पुनर्निर्माण एकिकृत तवरबाट गर्ने (उद्देश्य ५.१ सँग सम्बन्धित) ।**

६.१.१ आवासीय घरको मर्मत तथा पुनर्निर्माण कार्यमा स्वनिर्माण विधिलाई प्रोत्साहन गर्ने ।

६.१.२ भूकम्प तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने ।

६.१.३ भूकम्प प्रभावित परिवारलाई तोकिएको मापदण्ड अनुरुप आर्थिक सहयोग गर्ने ।

६.१.४ भूकम्प प्रतिरोधी निर्माण विधि बारे व्यापक जनचेतना अभिबृद्धि गर्ने ।

६.१.५ आवश्यकता अनुसार आपतकालीन सामुदायिक भवन निर्माण गर्ने ।

६.१.६ क्षतिग्रस्त सरकारी भवनको पुनर्निर्माण गर्दा एकीकृत प्रशासनिक भवनको अवधारणा अनुसार सुरक्षित तथा सुविधायुक्त बहुतले भवन निर्माण गर्ने ।

६.१.७ भूकम्प प्रभावित क्षेत्रमा भौतिक तथा सामाजिक पूर्वाधार पुनर्निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुन सक्ने खतरालाई विचार गरी आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्ने ।

६.१.८ आंशिक रुपले क्षतिग्रस्त तथा भत्कन लागेका ऐतिहासिक भवन तथा संरचनाको जिर्णोद्वार तथा प्रबलीकरण कार्यलाई प्राथमिकता दिने ।

**६.२ क्षतिग्रस्त सहर तथा प्राचीन बस्तीहरुको मौलिकतालाई कायम गर्दै स्वरुप र संरचनामा सुधार गरी पुनर्स्थापना गर्ने (५.२ सँग सम्बन्धित) ।**

६.२.१ केन्द्र तथा जिल्लास्थित सरकारी भवनको पुनर्निर्माण गर्दा स्थानीय वास्तुकला, निर्माण सामग्री र सीपको अधिकतम् उपयोग गर्ने ।

६.२.२ आंशिक रुपले क्षतिग्रस्त तथा भत्कन लागेका ऐतिहासिक भवन तथा संरचनाको जिर्णोद्वार तथा प्रबलीकरण कार्यलाई प्राथमिकता दिने ।

६.२.३ विश्वसम्पदाको पुनर्स्थापना तथा पुर्नर्निर्माणका लागि आवश्यकता अनुसार अन्तर्राष्ट्रिय संघसंस्थालाई समेत संलग्न गराउने । तर राष्ट्रिय तथा स्थानीय सम्पदाको पुनर्स्थापना र पुनर्निर्माणका लागि राष्ट्रिय तथा स्थानीय स्रोत साधन परिचालनमा जोड दिने ।

६.२.४ प्राचीन स्मारक तथा सम्पदाहरुको मर्मत, सुधार तथा पुनर्निर्माणमा सकभर प्राचीन स्वरुपका सामग्रीहरु प्रयोग गर्ने ।

६.२.५ भवन एकीकरण विधिबाट पुराना तथा ऐतिहासिक सहरी क्षेत्रको पुनर्विकास तथा पुनरुत्थान गर्ने ।

**६.३ भूकम्पबाट प्रभावित क्षेत्रका जोखिममा रहेका व्यक्ति र समुदायको संरक्षण तथा उत्थान गर्ने (५.३ सँग सम्बन्धित) ।**

६.३.१ भूकम्पबाट पीडित महिला, बालबालिका, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, रोजगारीमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

६.३.२ भूकम्पबाट प्रभावित क्षेत्रका आर्थिकरुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने ।

६.३.३ भूकम्प प्रभावित क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिइनेछ ।

**६.४ आर्थिक अवसर तथा जीविकोपार्जनका लागि उत्पादनमूलक क्षेत्रको पुनर्स्थापना गर्दै नयाँ विकल्पहरुको विकास गर्ने (५.४ सँग सम्बन्धित) ।**

६.४.१ उत्पादनमूलक जीविकोपार्जनका कार्यक्रमहरु गर्ने ।

६.४.२ उद्योगी तथा व्यवसायीलाई  वित्तीय सहयोग तथा राहत उपलब्ध गराउने ।

६.४.३ पर्यटकीय पूर्वाधार तथा सेवाको पुनर्स्थापना गर्ने ।

६.४.४ स्वरोगजारीका नयाँ अवसरहरुको सिर्जना गर्ने ।

६.४.५ भूकम्पबाट पीडित महिला, बालबालिका, ज्येष्ठ नागरिक, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, स्वरोजगारमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने ।

**६.५ भूकम्पीय क्षति र यसका प्रभावहरु, पुनर्निर्माण, पुनर्स्थापना तथा विपदजोखिम व्यवस्थापन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने (५.५ सँग सम्बन्धित) ।**

६.५.१ भूकम्प प्रभावित जिल्लाहरुमा भौगर्भिक अध्ययन गराइ सोको आधारमा स्थानीय निकायबाट भू-उपयोग नीति कार्यान्वयन गर्न प्रोत्साहन गर्ने ।

६.५.२ जीवीकोपार्जनका वैकल्पिक उपायहरुको बारेमा अध्ययन तथा अनुसन्धान गर्ने ।

६.५.३ भूकम्प सम्बन्धी अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरुसँग आवश्यक समन्वय र सहयोग प्राप्त गर्ने ।

६.५.४ विपदव्यवस्थापनलाई समग्र विकासको अभिन्न अंगका रुपमा मूल प्रवाहीकरण गर्न प्रोत्साहित गर्ने ।

**६.६ एकीकृत एवं योजनाबद्ध बस्तीहरुको विकास गर्ने (५.६ सँग सम्बन्धित) ।**

६.६.१ भू-उपयोग नीतिको आधारमा भूमिको उपयोग र पूर्वाधार विकास गर्न प्रोत्साहित गर्ने ।

६.६.२ भौतिक पूर्वाधारहरुको योजना सहित एकीकृत बस्ती विकास गर्ने ।

## ७. कार्यनीति

**७.१. आवासीय घरको मर्मत तथा पुनर्निर्माण कार्यमा स्वनिर्माण विधिलाई प्रोत्साहन गर्ने ( रणनीति ६.१.१ सँग सम्बन्धित) ।**

(क) निर्माण सामग्रीको पहुँच बढाउनुका साथै आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराई ग्रामीण र सहरी क्षेत्रका निजी घर तोकिएको मापदण्ड अनुरुप घरधनी स्वयंले नै निर्माण गर्ने ।

(ख) एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक मात्र भएको परिवारलाई समुदायको सहयोगमा घर निर्माण गर्न प्रोत्साहन गर्ने ।

(ग) ग्रामीण र अर्ध–सहरी एवं सहरी क्षेत्रमा स्थानीय व्यक्तिहरु समेतको सहयोगी समूह एवं सामुदायिक संस्था/गुठी बनाई पालैपालो घर निर्माण गर्न अभिप्रेरित गर्ने ।

(घ) स्थानीय स्रोत, सामग्री र सीपको दीगो प्रयोग गर्ने ।

(ङ) सम्बद्ध घरधनीले निजी क्षेत्रमार्फत बनाइएको घरमा बस्न चाहेमा भूकम्प तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने कुराको सुनिश्चित गर्नुपर्ने ।

**७.२ भूकम्प तथा अन्य प्राकृतिक प्रकोप प्रतिरोधी निर्माण विधि अवलम्बन गर्ने (रणनीति ६.१.२ सँग सम्बन्धित) ।**

(क) स्थानीय स्वायत्त शासन ऐन तथा राष्ट्रिय भवन संहितामा उल्लेख भए अनुसार स्थानीय निकायको स्वीकृतिमा घर निर्माण गर्ने । सम्भव भएसम्म स्थानीय स्तरमा प्राप्त हुने ढुंगा, माटो, ईटा, काठ, बाँसको अधिकतम् प्रयोग गरी राष्ट्रिय भवन संहितामा उल्लेख भए अनुसार भूकम्पबाट सुरक्षित घर निर्माण गर्ने ।

(ख) स्वदेशभित्र उत्पादन हुने गुणस्तरयुक्त जस्तापाता, सिमेन्ट, फलामे छड जस्ता निर्माण सामग्रीलाई प्रोत्साहन गर्ने ।

(ग) स्थानीय कच्चा पदार्थबाट तयार हुने सुधारिएका र तोकिएको मापदण्ड पूरा गरेका वैकल्पिक निर्माण सामग्री जस्तै कंक्रिट, ब्लक, ईटा, प्रिकास्ट बिम, स्ल्याब, इत्यादि गुणस्तरीय सामग्री उत्पादन गर्न व्यक्ति तथा औद्योगिक संस्थालाई प्रोत्साहन गर्ने ।

(घ) पुरानो भवन भत्की प्राप्त हुने निर्माण सामग्रीको अधिकतम् प्रयोग गर्ने ।

(ङ) क्षतिग्रस्त भवनको पुनर्निर्माण गर्दा स्थानीय वास्तुकला र भूकम्प प्रतिरोधी निर्माण विधि (प्रबलीकरण विधि समेत) अवलम्बन गर्ने ।

(च) निजी क्षेत्रबाट निर्माण भएका एकल वा संयुक्त आवासीय भवनमा भएको क्षतिको प्राविधिकहरुबाट जाँच गराई जिर्णोद्धार वा प्रबलीकरण गर्ने ।

(छ) पुनर्निर्माण तथा प्रबलीकरण कार्यका लागि उपलब्ध गराइने तालिमको पाठ्यक्रममा एकरुपता कायम गर्ने ।

(ज) सरकारी तथा गैरसरकारी निकायहरुबाट तालीम प्राप्त जनशक्तिलाई रोष्टर बनाई पुनर्निर्माण कार्यमा परिचालन गर्ने ।

(झ) भूकम्पबाट क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको प्राविधिक मापदण्ड बनाई प्रबलीकरण तथा पुनर्निर्माण गर्ने ।

(ञ) पुनर्निर्माण कार्यमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न शैक्षिक संस्थाहरुलाई प्रोत्साहित गर्ने ।

(ट) अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरिक मैत्री हुने गरी आवासीय घर निर्माण गर्ने ।

**७.३ भूकम्प प्रभावित परिवारलाई तोकिएको मापदण्ड अनुरुप आर्थिक सहयोग गर्ने (रणनीति ६.१.३ सँग सम्बन्धित) ।**

(क) स्वीकृत डिजाईन र नक्सा अनुसार घरहरु बने नबनेको निरीक्षण गर्न खटिने प्राविधिक टोलीको सिफारिश अनुसार घरधनीलाई किस्ताबन्दी रुपमा बैंकिङ प्रणालीमार्फत सहुलियत ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने ।

(ख) आर्थिक सहायता उपलब्ध गराउँदा सम्बद्ध स्थानीय निकायद्वारा स्वीकृत डिजाइन मापदण्ड अनुसार भवन निर्माण हुने कुराको सुनिश्चत गर्ने ।

(ग) आर्थिक सहायता उपलब्ध गराउँदा भूकम्पबाट पूर्ण वा आंशिक क्षति भएका आवासीय घर बाहेक अन्यत्र कुनै आवासीय घर नभएका परिवारलाई मात्र उपलब्ध गराउने ।

**७.४ भूकम्प प्रतिरोधी निर्माण विधि बारे व्यापक जनचेतना अभिबृद्धि गर्ने (रणनीति ६.१.४ सँग सम्बन्धित) ।**

(क) स्थानीयस्तरमा सञ्चालन गरिने कालिगढ तालिम र सचेतना कार्यक्रमका अतिरिक्त राष्ट्रिय एवं स्थानीय स्तरमा रहेका रेडियो, टेलिभिजन, छापा र अनलाईन मिडिया मार्फत भूकम्प प्रतिरोधी निर्माण विधि र विपदन्यूनीकरण बारे चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सम्बन्धित सरकारी, गैरसरकारी र निजी संस्थाले सरकारले तोकेको ढाँचामा घरका नक्सा, निर्माण विधि सम्बन्धी पोष्टर, पर्चा, पुस्तिका तयार गरी स्थानीयस्तरमा वितरण गर्ने ।

(ग) ग्रामीण, अर्ध-सहरी, सहरी क्षेत्रमा सुरक्षित निर्माण विधि बारे जानकारी गराउन स्थानी जनसमुदाय, कालिगढ, प्राविधिक, राजनीतिक कार्यकर्ता र कलाकारको सहभागितामा जानकारी उपलब्ध गराउने ।

(घ) भूकम्प सुरक्षा सम्बन्धी विषय शिक्षण संस्थाको पाठ्यक्रममा समावेश तथा परिमार्जन गर्ने ।

(ङ) भूकम्प आउँदा के कसरी भवन, कार्यालय, स्कूलबाट निस्कने भन्नेबारेमा नियमित रुपमा अभ्यास गराउने ।

**७.५ आवश्यकता अनुसार आपतकालीन सामुदायिक भवन निर्माण गर्ने (रणनीति ६.१.५ सँग सम्बन्धित) ।**

(क) काठमाडौं उपत्यकाका सबै नगरपालिकाहरु र भूकम्पबाट प्रभावित जिल्ला सदरमुकाममा कम्तिमा एउटा आपतकालीन सामुदायिक भवन निर्माण गरिने, जुन विपदको अवस्थामा बासस्थलका रुपमा र अन्य अवस्थामा विभिन्न सामुदायिक प्रयोजनका लागि उपयोग गर्ने ।

(ख) खुला चौर, नदी किनार वा सार्वजनिक स्थल अतिक्रमण गरी बसेका व्यक्तिहरुलाई हटाउन प्रोत्साहित गर्ने । त्यस्ता स्थान सार्वजनिक प्रयोजनका लागि मात्र प्रयोग गर्ने ।

(ग) आपतकालीन सामुदायिक भवन निर्माण गर्दा सम्भव भएसम्म सुरक्षा निकायको नजिक हुने गरी निर्माण गर्ने ।

(घ) नगरपालिकाहरुमा घर संख्याका आधारमा दमकलको व्यवस्था गर्ने ।

**७.६ क्षतिग्रस्त सरकारी भवनको पुनर्निर्माण गर्दा एकीकृत प्रशासनिक भवनको अवधारणा अनुसार सुरक्षित तथा सुविधायुक्त बहुतले भवन निर्माण गर्ने (रणनीति ६.१.६ सँग सम्बन्धित) ।**

(क) काठमाडौंमा प्रस्तावित बहुतले प्रशासनिक भवन कम्प्लेक्सको निर्माण कार्य यथाशीघ्र शुरु गर्ने ।

(ख) बहुतले भवनको निर्माण गर्दा बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिला र जेष्ठ नागरिक मैत्री हुने ।

(ग) बहुतले भवन निर्माण गर्दा स्थानीय वास्तुकला, प्रदूषणरहित र हावापानी सुहाउँदो हुने ।

(घ) सहरी क्षेत्रमा क्षतिग्रस्त सरकारी भवनको पुनर्निर्माण गर्दा एकीकृत प्रशासनिक भवनको अवधारणा अनुसार सुरक्षित तथा सुविधायुक्त बहुतले भवन निर्माण गरिने ।

(ङ) बहुतले भवनमा वैकल्पिक उर्जा प्रयोगलाई बढावा दिइने ।

**७.७ भूकम्प प्रभावित क्षेत्रमा भौतिक तथा सामाजिक पूर्वाधार पुनर्निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुन सक्ने खतरालाई विचार गरी आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्ने (रणनीति ६.१.७ सँग सम्बन्धित) ।**

(क) **सडक तथा पुल** : पहिलो चरणमा राजमार्ग तथा प्रमुख मोटर बाटो र त्यसमा रहेका पुल पुलेसालाई प्राथमिकता दिई मर्मत तथा पुनर्निर्माण गर्ने र भूकम्प पूर्वको स्थितिमा ल्याई सुचारु राखिनेछ । तत्पश्चात् उक्त राजमार्ग वा प्रमुख मोटर बाटोबाट भूकम्प प्रभावित गाउँ वा बस्ती जोड्ने मोटरबाटो तथा त्यसमा रहेका पुल पुलेसाहरुको मर्मत सम्भार तथा पुनर्निर्माण गरिनेछ । त्यस्तै, जग्गा विकास योजनाले निर्धारण गरेका बस्तीभित्रका बाटो र पुलको निर्माण कार्य जारी रहनेछ । काठमाडौं उपत्यकामा जारी सडक बिस्तार कार्यलाई निरन्तरता दिँदै उपत्यकाका अन्य नगरपालिका क्षेत्रमा विस्तार गरिनेछ । आवश्यकता अनुसार वैकल्पिक मार्ग तथा पुलहरुको निर्माण गरिनेछ ।

(ख) **विमानस्थल** : विमानस्थल रहेका स्थानको भौगोलिक र भौगर्भिक अवस्थाको बारेमा विज्ञहरुबाट अध्ययन गराई सुधार गर्नु पर्ने देखिएमा तत्काल सुधार गरिनेछ । विमानस्थलमा विपदको अवस्थामा राहत सामग्री भण्डारण गर्ने प्रयोजनका लागि आवश्यक क्षमताको गोदाम घरको व्यवस्था गरिनेछ । पुनर्निर्माण गरिने बस्तीहरुमा खुल्ला क्षेत्रको व्यवस्था गर्दा एउटा गाउँपालिकामा न्यूनतम् एउटा हेलिप्याडको निर्माण गरिनेछ ।

(ग) **विद्युत तथा उर्जा** : क्षतिग्रस्त जलविद्युत केन्द्र र प्रशारण लाइनको मर्मत सम्भार गरी विद्युत आपूर्ति सुचारु राखिनेछ । जलाशययुक्त जलविद्युत आयोजनाका सम्बन्धमा जलाशय क्षेत्रको विस्तृत भौगर्भिक अध्ययन गरी हालको भूकम्पले पारेको प्रभाव र भविष्यमा पर्न सक्ने प्रभाव समेतको विस्तृत अध्ययन गरी सो बमोजिमको कार्ययोजना बनाई मर्मत सम्भार तथा पुनर्निर्माण गरिनेछ । वैकल्पिक उर्जाका साधन प्रयोग गरेका परिवारलाई आवश्यक आर्थिक अनुदानको व्यवस्था मिलाई उर्जा आपूर्तिको व्यवस्था मिलाइनेछ, जस्तै- सौर्य उर्जाको साधन क्षतिग्रस्त भएका र गोबरग्याँसको साधन क्षतिग्रस्त भएका परिवारलाई आर्थिक अनुदान उपलब्ध गराइनेछ ।

(घ) **खानेपानी** : क्षतिग्रस्त खानेपानी प्रणालीलाई तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति सहज गरिनेछ । पुनर्निर्माण गर्नुपर्ने प्रकृतिका प्रणालीका सम्बन्धमा पुनर्निर्माण नहुञ्जेल वैकल्पिक खानेपानीको आपूर्तिको व्यवस्था मिलाइनेछ ।

(ङ) **सिँचाई :** स्थानीय जल उपभोक्ताको संलग्नतामा क्षतिग्रस्त सिँचाई प्रणालीहरुको मर्मत सम्भार तथा प्रबलीकरण गरिनेछ ।

(च) ठूला विमानस्थल, जलविद्युत वा अन्य पूर्वाधार निर्माण आयोजनाबाट प्रभावित क्षेत्रमा पुनर्निर्माण कार्य गर्दा सम्बन्धित आयोजनासँग समन्वय गरिनेछ ।

(छ) बाढी तथा पहिरोको खतरामा परेका पुलपुलेसा, जलविद्युत केन्द्र, प्रसारण लाईन तथा टेलिफोन टावरहरुको विस्तृत प्राविधिक जाँच गराई प्रबलीकरण तथा पुनर्निर्माण गरिनेछ ।

(ज) **स्वास्थ्य क्षेत्र** : स्वास्थ्य चौकी भवन, स्वास्थ्य केन्द्र, अस्पताल भवन आदिलाई प्राथमिकता दिई पुनर्निर्माण गरिनेछ । सामान्य मर्मत गर्नुपर्ने अवस्थाका भवनलाई प्रबलीकरणको विधिद्वारा सुरक्षित बनाइनेछ र स्वास्थ्य केन्द्रमा आवश्यक औषधि, उपकरण तथा स्वास्थ्यकर्मीको व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

(झ) **शिक्षा क्षेत्र** : बालबालिकाहरुलाई भूकम्पको त्रासदीबाट मुक्त गराउन विद्यालय भवन यथाशीघ्र मर्मत सम्भार तथा पुनर्निर्माण गरी कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । आंशिकरुपले क्षतिग्रस्त र मर्मत गर्नुपर्ने विद्यालय भवनलाई प्रबलीकरणको विधिद्वारा सुरक्षित बनाएर कक्षा सञ्चालन गरिनेछ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्षतिग्रस्त केन्द्रीय प्रशासनिक भवन र केन्द्रीय पुस्तकालय भवनको विस्तृत प्राविधिक परीक्षण गरी पुनर्निर्माण तथा मर्मत सम्भार गरिनेछ ।

(ञ) **स्थानीय सामुदायिक  भवन र सुविधा** : बृद्धाश्रम, अनाथालय, सामुदायिक भवन आदिको पुनर्निर्माण तथा मर्मत सम्भारका लागि विशेष व्यवस्था गरिनेछ । यस्ता भवन निर्माण गर्दा महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिकाको विशेष आवश्यकताको ख्याल गरिनेछ । आपतकालीन अवस्थाका लागि काठमाडौं उपत्यकाका सबै नगरपालिकामा एक-एकवटा र प्रत्येक  जिल्ला सदरमुकाममा एउटा सामुदायिक भवन निर्माण गरिनेछ । यसै गरी प्रत्येक गाउँपालिकामा कमसेकम एउटा टुँडिखेल र एउटा पोखरी निर्माण गरिनेछ । आपतकालीन अवस्थामा उक्त टुँडिखेल हेलिप्याडका रुपमा पनि प्रयोग हुनेछ ।

**७.८ आंशिक रुपले क्षतिग्रस्त तथा भत्कन लागेका ऐतिहासिक भवन तथा संरचनाको जिर्णोद्वार तथा प्रबलीकरण कार्यलाई प्राथमिकता दिने (रणनीति ६.१.८ सँग सम्बन्धित) ।**

(क) आंशिकरुपले क्षतिग्रस्त भवनको लगत तयार गरी त्यसको प्राविधिक मूल्याङ्कन गरिनेछ ।

(ख) जिर्णोद्धार तथा प्रबलीकरण कार्यमा स्थानीय क्लब, गुठी, सामाजिक संस्था जनप्रतिनिधिलाई संलग्न गराइनेछ ।

(ग) क्षतिग्रस्त सम्पदालाई वर्गीकरण (विश्व सम्पदा, राष्ट्रिय सम्पदा, स्थानीय सम्पदा) गरी सरोकारवालाको पहिचान गरिने छ ।

(घ) विश्व सम्पदा सूचीमा रहेका क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि यूनेस्को लगायत अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोग लिई स्थानीय गुठी तथा सामाजिक संस्थाको संलग्नतामा कार्य गरिनेछ ।

(ङ) राष्ट्रिय तथा स्थानीय सम्पदा संरक्षण, पुनर्स्थापना वा पुनर्निर्माण गर्न चाहने व्यक्ति, संस्था वा समूहको सूची तयार गरी तोकिएको विधि अनुसार कामको जिम्मा लगाइनेछ ।

(च) आम नागरिकको सुझाव र सहयोगका आधारमा काठमाडौंको धरहराको पुनर्निर्माण गरिनेछ ।

**७.९ केन्द्र तथा जिल्लास्थित सरकारी भवनको पुनर्निर्माण गर्दा स्थानीय वास्तुकला, निर्माण सामग्री र सीपको अधिकतम् उपयोग गर्ने (रणनीति ६.२.१ सँग सम्बन्धित) ।**

(क) सिंहदरवार सचिवालयभित्र रहेका ऐतिहासिक तथा आधुनिक भवनको मौलिकता जोगाई पुनर्निर्माण तथा जिर्णोद्धार गरिनेछ ।

(ख) क्षतिग्रस्त सरकारी भवनको प्राविधिक परीक्षण गरी प्रबलीकरणको विधि प्रयोग गरी पुनर्निर्माण वा मर्मत सम्भार गरिनेछ ।

(ग) सुरक्षा निकायका भवन पुनर्निर्माण गर्दा सबै सुरक्षात्मक उपाय अवलम्बन गरिनेछ ।

**७.१० भवन एकीकरण विधिबाट पुराना तथा ऐतिहासिक सहरी क्षेत्रको पुनर्विकास तथा पुनरुत्थान गर्ने (रणनीति ६.२.५ सँग सम्बन्धित) ।**

(क) स्थानीय घरधनीको स्वामित्व संरक्षण गरी काठमाडौं, ललितपुर, भक्तपुर, साँखु, बुङ्गमती एवं खोकना जस्ता ऐतिहासिक पुराना सहरी क्षेत्रको पुनर्विकास तथा पुनरुत्थान गरिनेछ ।

(ख) ऐतिहासिक स्वरुपलाई यथावत् राखी तोकिएको मापदण्ड अनुसार नयाँ भूकम्प प्रतिरोधी भवन निर्माण गरिनेछ ।

(ग) स्थानीय घरधनीलाई पुनर्निर्माणको प्रक्रियामा पूर्णरुपले सहभागी गराई पुराना ऐतिहासिक सहरी क्षेत्रको आर्थिक, सामाजिक र वातावरणीय सुधार गरिनेछ ।

(घ) सार्वजनिक स्थल तथा सेवा सुविधाहरुको सुधार तथा पुनर्निर्माण कार्य सरकारद्वारा र निजी घर घरधनीद्वारा निर्माण गरिनेछ ।

**७.११ भूकम्पबाट पीडित महिला, बालबालिका, सीमान्तकृत तथा विपन्न वर्गको उत्थानका लागि उनीहरुको इच्छा र आवश्यकताका आधारमा स्वास्थ्य सेवा, रोजगारीमूलक सीप विकास तथा तालिम कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्ने (रणनीति ६.३.१ सँग सम्बन्धित) ।**

(क) सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न यस्ता वर्ग र समूहका लागि शिक्षा, स्वास्थ्य, चेतना अभिवृद्धि तथा सीप विकास सम्बन्धी तालिमको विशेष व्यवस्था गरिनेछ ।

(ख) भूकम्प पीडित महिला, अपाङ्ता भएका व्यक्ति, अभिभावक बिहिन बालबालिका र जेष्ठ नागरिकका लागि पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।

**७.१२ भूकम्पबाट प्रभावित क्षेत्रका आर्थिकरुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहले उत्पादन गरेको वस्तु तथा सेवाको बजारसम्म पहुँच बढाउने (रणनीति ६.३.२ सँग सम्बन्धित) ।**

(क) आर्थिकरुपले कमजोर, सीमान्तकृत तथा विपन्न समूहको वित्तीय साधनमा पहुँच बढाइनेछ ।

(ख) वित्तीय साधनमा पहुँच नभएका व्यक्तिलाई बचत तथा ऋण समूह गठन गर्न सहयोग गरिनेछ ।

(ग) बैंक तथा सहकारी संस्था तथा बचत तथा ऋण समूहलाई आर्थिक पुनर्स्थापना कार्यक्रम सञ्चालनार्थ परिचालित गरिनेछ ।

**७.१३ भूकम्प प्रभावित क्षेत्रमा सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य,प्रजनन् स्वास्थ्य,बाल स्वास्थ्य, किशोर किशोरीको स्वास्थ्य र पोषण सुधारमा विशेष ध्यान दिइनेछ (रणनीति ६.३.३ सँग सम्बन्धित)**

(क) सामाजिक सुरक्षाका लागि भूकम्प प्रभावित क्षेत्रमा सरकारद्वारा उपलब्ध गराइने विभिन्न प्रकारका सहयोग तोकिएको मितिमा घरदैलोमा नैउपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(ख) विभिन्न प्रकारका जोखिममा रहेका समूहहरु जस्तै- गर्भवती, एकल महिला, विधवा, पाँच वर्ष मुनिका बालबालिका, असहाय जेष्ठ नागरिकलाई निश्चित् अवधिसम्मका लागि आवश्यक सहयोगको व्यवस्था गरिनेछ ।

**७.१४ उत्पादनमूलक जीविकोपार्जनका कार्यक्रमहरु गर्ने (रणनीति ६.४.१सँग सम्बन्धित) ।**

(क) स्थानीय पूर्वाधार निर्माण, पुनर्निर्माण र मर्मत सम्भार गर्नका लागि कामका लागि खाद्यान्न वा ज्याला वापत नगद उपलब्ध गराइनेछ ।

(ख) स्थानीय आयमूलक कृयाकलाप, घरेलु उद्योग तथा लघुउद्यम सञ्चालन गर्न आवश्यक पर्ने सीपमूलक तालिमको व्यवस्था गर्ने र तालीमलाई व्यवसाय र व्यवसायलाई बजारसँग आबद्ध गरिनेछ ।

**७.१५ उद्योगी तथा व्यवसायीलाई वित्तीय सहयोग तथा राहत उपलब्ध गराउने (रणनीति ६.४.२ सँग सम्बन्धित)**

(क) लघुवित्तमार्फत स-साना लगानी र आयमूलक कार्यहरु गर्नका लागि सहकारी समूहहरु गठन गर्न आर्थिक सहयोग प्रदान गरिनेछ ।

(ख) पुनर्निर्माणका लागि आवश्यक पर्ने जनशक्ति आपूर्तिका लागि प्रभावित जिल्लामा स्वरोजगारका लागि सीप विकास तथा आय आर्जन तालिम प्रदान गरिनेछ ।

(ग) कृषकका लागि बीउबीजन, मलखाद् आदि सुपथ मूल्यमा एवं सहज रुपमा उपलब्ध गराइनेछ ।

(घ) किसानहरुको लागि किटनाशक औषधि आपुर्ति सुनिश्चित गरिनेछ र कोल्डस्टोर तथा दूध चिस्यान केन्द्रहरुको पुनर्स्थापना तथा पुनर्निर्माण गरिनेछ ।

(ङ) सहर बजारमा रहेका हाटबजार, तरकारी तथा फलफूल बजारको क्षतिग्रस्त भवनलाई पुनर्निर्माण गर्न सम्बन्धित व्यवसायीलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ ।

(छ) निजी क्षेत्रबाट सञ्चालित जलविद्युत आयोजना, पर्यटकीय पूर्वाधार वा वस्तु तथा सेवा उद्योगहरुलाई राहत प्रदान गर्न ऋण मोचन अवधि बढाइनेछ । चालु ऋणलाई समायोजन गर्ने जस्ता उपाय अवलम्बन गरी निजी क्षेत्रलाई वित्तीय राहत दिलाइनेछ ।

**७.१६ पर्यटकीय पूर्वाधार तथा सेवाको पुनर्स्थापना गर्ने (रणनीति ६.४.३ सँग सम्बन्धित)**

(क) होटल व्यवसाय, घरबास (होमस्टे), पर्यटकीय लज, टुरिष्ट गाईड आदि जस्ता व्यवसायमा लागेका व्यक्ति वा परिवारका लागि न्यून ब्याज दरमा सहज तरिकाले ऋण प्रवाह गरिनेछ ।

(ख) पर्यटकीय पदमार्गको मर्मत सम्भार तथा पुनर्स्थापना र पर्यटकीय गन्तव्य स्थलमा आवश्यक पूर्वाधारको विकास गरिनेछ । जोखिमयुक्त गाउँमा आपतकालीन अवस्थाका लागि एक बहुउद्देश्यीय सामुदायिक भवन निर्माण गरिनेछ ।

(ग) क्षतिग्रस्त सम्पदा क्षेत्रमा पर्यटकहरुलाई सुरक्षित तवरले दृष्यावलोकन गर्ने व्यवस्था मिलाइनेछ ।

(घ) पर्वतीय पर्यटनमा संलग्न भई भूकम्पका कारण बेरोजगार भएका मजदूरहरुलाई पुनर्स्थापना गर्न विभिन्न उपाय अवलम्बन गरिनेछ ।

**७.१७ विपदव्यवस्थापनलाई समग्र विकासको अभिन्न अंगका रुपमा मूल प्रवाहीकरण गर्न प्रोत्साहित गर्ने (रणनीति ६.५.४ सँग सम्बन्धित) ।**

(क) विपदजोखिम व्यवस्थापनलाई सरकारका सम्पूर्ण नीति, तहगत संरचना तथा शासन प्रणालीमा समावेश गराउन प्रोत्साहित गर्ने र विपदउत्थानशील नेपाल निर्माणका लागि दिशा निर्देश गर्ने ।

(ख) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई लक्षित पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य सम्पन्न भए पश्चात् विपदव्यवस्थापन सम्बन्धी राष्ट्रिय संस्थाका रुपमा रुपान्तरण गर्न आवश्यक पूर्व तयारी गर्ने ।

**७.१८ भू-उपयोग नीतिको आधारमा भूमिको उपयोग र पूर्वाधार विकास गर्न प्रोत्साहित गर्ने (रणनीति ६.६.१ सँग सम्बन्धित) ।**

(क) भूकम्प प्रभावित क्षेत्रको भौगोलिक, भौगर्भिक, वातावरणीय, आर्थिक-सामाजिक, साँस्कृतिक पक्षको अध्ययन गर्ने ।

(ख) प्रचलित भू-उपयोग नीति र ऐन बमोजिम स्थानीय आवश्यकता अनुसार निर्देशित जग्गा विकास कार्यक्रम वा जग्गा एकीकरण कार्यक्रम लागू गर्ने ।

(ग) छरिएर रहेका बस्तीहरुलाई निरुत्साहित गर्दै उपयुक्त स्थानमा सेवा सुविधा सहितको एकीकृत बस्तीहरुको विकास गर्न प्रोत्साहित गर्ने ।

(घ) भूकम्प प्रभावित क्षेत्रको अध्ययन गरी जोखिम संवेदनशील भू-उपयोग योजना बनाई लागू गर्ने ।

**७.१९ भौतिक पूर्वाधारहरुको योजना सहित एकीकृत बस्ती विकास गर्ने (रणनीति ६.६.२ सँग सम्बन्धित) ।**

(क) भूकम्प प्रभावित जिल्लाहरुमा नमूनाको रुपमा छरितो एवं सुव्यवस्थित गाउँ एवं सहरको विकास गर्ने ।

(ख) प्राविधिकको घुम्ती टोली बनाई स्थानीय समुदायलाई सम्भावित जोखिम एवं स्थानान्तरण गर्ने स्थानका बारेमा जानकारी गराइनेछ ।

(ग) बस्ती स्थानान्तरण गर्दा सकेसम्म पुरानो बस्तीको नजिकै, सो पनि सम्भव नभएमा सोही जिल्ला भित्रको उपयुक्त स्थानमा नयाँ बस्ती बसालिनेछ ।

(घ) नापी विभागद्वारा स्थापना भएको भूकम्पबाट क्षतिग्रस्त राष्ट्रिय नियन्त्रण बिन्दुको सञ्जाल (नेसनल जियोडेटिक नेटवर्क) लाई पुनर्स्थापना गरिनेछ ।

(ङ) नयाँ स्थानमा बस्ती बसाल्दा भू-उपयोग योजना तयार गरी स्थानीय बासिन्दाको सहमति लिई सम्बन्धित निकायले स्वीकृत गर्नेछ । भौतिक तथा सामाजिक सेवा, सुविधा सरकारले व्यवस्था गर्नेछ र निजी घर स्थानीय बासिन्दाले निर्माण गर्नेछन् ।

(च) प्रचलित भू-उपयोग नीति र ऐन बमोजिम स्थानीय आवश्यकता अनुसार निर्देशित जग्गा विकास कार्यक्रम वा जग्गा एकीकरण कार्यक्रम लागू गरिनेछ ।

(छ) भूकम्प प्रभावित क्षेत्रको अध्ययन गरी जोखिम संवेदनशील भू-उपयोग योजना बनाई कार्यान्वयन गरिनेछ ।

(ज) सहरी क्षेत्रमा पुनर्निर्माण गर्नुपर्ने पुराना घर तथा बस्तीहरुलाई एकीकृत आवास अवधारणा अनुसार विकास गर्नमा प्रोत्साहन गरिनेछ ।

## ८. अन्तर सम्बन्धित विषय

### ८.१ विपदजोखिम न्यूनीकरण तथा पूर्व तयारी

विपदजोखिम भएका स्थानहरुको पहिचान गरी विपदको किसिम र जोखिमको मात्रा खुल्ने गरी उपयुक्त स्केलको नक्सामा नक्साङ्कन गरिनेछ । यसरी पहिचान गरिएका जोखियुक्त क्षेत्रहरुमा निम्न कार्यहरु गरिनेछ ।

### ८.१.१ विपदजोखिम न्यूनीनकरण

(क) राष्ट्रिय भवन संहिताको प्रयोगलाई भूकम्प प्रभावित सबै गाउँपालिका तथा नगरपालिकामा लागू गर्ने ।

(ख) राष्ट्रिय भवन संहितालाई अझ बढी व्यावहारिक, जनसाधारणले बुझ्ने र भूकम्पको प्राविधिक पक्षलाई समेत मध्यनजर गरी सम्बन्धित निकायले आवश्यक परिमार्जन गर्ने ।

(ग) सुरक्षित भवन निर्माण सम्बन्धी विषयमा स्थानीय तहमा उपलब्ध डकर्मी, सिकर्मी, निर्माण व्यवसायी, इन्जिनियर आदिका लागि आवश्यक परिमाणमा तालीम सञ्चालन गर्ने ।

(घ) बहुप्रकोप (भूकम्प सहित बाढी, पहिरो, जमीन भासीने इत्यादि) जोखिम न्यूनीकरण योजना बनाई सम्बन्धित सरोकारवालामार्फत कार्यान्वयन गर्ने ।

### ८.१.२ विपदका लागि पूर्व तयारी

(क) भूकम्प लगायत अन्य सबै प्रकारका विपदजस्तै बाढी, पहिरो, आगलागी आदिको जोखिमबाट बच्ने सम्बन्धी जनचेतना अभिबृद्धिका कार्यक्रम सामुदायिक स्तरमा सञ्चालन गर्ने र आमसञ्चार माध्यममार्फत प्रचार प्रसार गर्ने ।

(ख) सबै तहका पाठ्यक्रममा विपदका लागि पूर्व तयारी सम्बन्धी विषय समावेश गर्ने ।

(ग) विपदसम्बन्धी पूर्व तयारी गर्नका लागि बस्तीस्तरमा सामुदायिक संगठन निर्माण गर्न प्रोत्साहन गर्ने ।

(घ) विपदको पूर्वसूचना प्रणालीको व्यवस्था गरी आपतकालीन सेवा सञ्चालन केन्द्रको सञ्जालसँग आबद्ध गर्ने । साथै विपदसूचना व्यवस्थापन संयन्त्रको क्षमता बृद्धि गर्ने ।

(ङ) स्वास्थ्य तथा शिक्षा सेवामा संलग्न संस्थामा विपदको पूर्व तयारीका लागि आवश्यक उपकरण, औषधि, जनशक्ति आदि तयारी हालतमा राख्ने ।

(च) विपदव्यवस्थापनसँग सम्बन्धित निर्देशिकामा आवश्यक पुनरावलोकन गर्ने ।

(छ) भूकम्पीय जोखिम सम्बन्धी विषयहरु जस्तै भूकम्पीय इन्जिनियरिङ, इन्जिनियरिङ सेस्मोलोजी, इन्जिनियरिङ जियोलोजी, विपदजोखिम न्यूनीकरण जस्ता विषयहरुमा स्नाकोत्तरतहको कक्षा सञ्चालन गर्न विश्वविद्यालयहरुलाई प्रोत्साहन गर्ने र सञ्चालनमा रहेकाको स्तरोन्नति गर्ने ।

**८.२ सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन**

८.२.१. सरकारद्धारा स्वीकृत मापदण्ड, डिजाईन र निर्माण विधि अनुसार निजी संघसंस्था, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्था वा समूहलाई सरकारी निकायसँग साझेदारी गरी आवास निर्माण, मर्मत, सम्भार तथा अन्य भौतिक पूर्वाधारहरुको पुनर्निर्माण कार्यमा सहभागी गराउने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई प्राविधिक सहयोगमा केन्द्रित गराउने र व्यक्तिगत आवास निर्माणार्थ दिइने आर्थिक सहयोग एकद्वार प्रणालीमा आधारित गराउने ।

८.२.२ विद्यमान क्षतिग्रस्त बस्तीहरु सुधार गर्न र स्थानान्तरण गरिएका बस्तीमा सेवासुविधा तथा पूर्वाधारको व्यवस्था गर्न सरकारी र गैरसरकारी निकायले साझेदारी गर्ने ।

८.२.३ सामुदायिक विद्यालय भवनहरु, स्वास्थ्य चौकीहरु, सामुदायिक भवनहरुको निर्माणमा निजी, समुदाय र गैरसरकारी संस्थालाई संलग्न गराउने ।

८.२.४ भवन निर्माणमा नवीनतम विधिको विकासमा प्रोत्साहन गर्ने ।

**८.३ लैङ्गिक समानता तथा समावेशीकरण**

८.३.१ भौतिक तथा सामाजिक पूर्वाधारको पुनर्निर्माण तथा पुनर्स्थापना गर्दा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका तथा महिला विशेषका आवश्यकतालाई सम्बोधन गर्ने ।

८.३.२ आवासीय घर निर्माणका लागि सरकारद्वारा उपलब्ध गराइने आर्थिक सहयोग सम्भव भएसम्म पति एवं पत्नीका नाममा संयुक्त बैंक खाता खोली उपलब्ध गराउने ।

८.३.३ स्थानीयस्तरमा गरिने निर्माण कार्यमा हुन सक्ने बालश्रममा रोक लगाउने तथा महिला र पुरुषको समान ज्यालादर सुनिश्चित गर्ने ।

८.३.४ सरकारबाट सञ्चालन गरिने तालिम तथा अभिमुखीकरण कार्यक्रममा सम्भव भएसम्म न्यूनतम एक तिहाई महिला सहभागी गराउने ।

८.३.५ अपाङ्गता भएका व्यक्तिलाई आवश्यकता अनुसारको सीप विकास सम्बन्धी तालिम दिई जीविकोपार्जन तथा व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्ने ।

८.३.६ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी निर्णय प्रक्रियामा सम्बन्धित सरोकारवाला विशेषतः महिला तथा अपाङ्गता भएका समूहको सहभागिता सुनिश्चित गर्ने ।

८.३.७ देशमा उपलब्ध युवा जनशक्तिलाई पुनर्निर्माण कार्यमा परिचालन गर्न आवश्यक तालीम, आर्थिक सहायता एवं रोजगारीका अवसर उपलब्ध गराउने र उनीहरुमा लुकेको प्रतिभा र सृर्जनशीलताको कदर गर्दै क्षमता र इच्छा अनुसारको काममा लगाउने व्यवस्था गर्ने ।

**८.४ वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन**

८.४.१ भत्केका संरचनाहरुबाट प्राप्त हुने कंक्रिट, ईटा, फलाम, माटो, काठपात लगायतका सामग्रीको समुचित व्यवस्थापन गर्न पुनः प्रयोग हुनसक्ने सामग्रीलाई छुट्टै व्यवस्थापन गर्ने र पुनः प्रयोग नहुने सामग्रीलाई सुरक्षित तवरले व्यवस्थापन गर्ने ।

८.४.२ क्षतिग्रस्त संरचनाबाट निस्केका हानिकारक वस्तुहरुलाई तोकिएको कार्यविधि अनुसार व्यवस्थापन गर्ने ।

८.४.३ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्दा आवश्यक निर्माण सामग्री जस्तै ढुङ्गा, गिट्टी, बालुवा, काठ आदिको आपूर्ति गर्दा प्राकृतिक वातावरण प्रतिकूल नहुने गरी प्रयोग गर्ने ।

८.४.४ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्दा वृक्षरोपण तथा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यहरु समेत गर्ने ।

८.४.५ जलवायु परिवर्तनको नकारात्मक प्रभावको मूल्याङ्कन गरी यसको प्रतिकूलतालाई न्यूनीकरण गर्न स्थानीय खोलानालामा बाँध तथा पहिरोको जोखिमयुक्त क्षेत्रमा उपयुक्त प्रविधि अपनाउने ।

८.४.६ प्रत्येक गाविसमा गाउँ वन र सहरमा सहरी वन विकास गर्ने ।

८.४.७ जलाधार र सीमसार क्षेत्र संरक्षण गर्ने ।

**८.५ सुरक्षित निर्माण विधिको प्रचार प्रसार तथा तालिम**

८.५.१ सुरक्षित भवन निर्माण सम्बन्धी तालिम व्यापकरुपमा सञ्चालन गर्ने । यसप्रकारको तालिममा स्थानीय स्तरमा उपलब्ध इन्जिनियर, सव–इन्जिनियर, सुपरभाईजर, डकर्मी, सिकर्मी, प्लम्बर, इलेक्ट्रिशियन र बारबेन्डर (फलामे छडको काम गर्ने) जस्ता कालिगढलाई सहभागी गराउने । यस्ता तालिममा स्थानीय युवा, महिला र विपन्न वर्गलाई प्राथमिकता दिने ।

८.५.२ प्रत्येक जिल्ला सदरमुकाममा भूकम्प प्रतिरोधी आवासीय घरको एउटा नमूना निर्माण गर्ने र भूकम्प प्रभावित ग्रामीण बस्तीलाई पायक पर्ने स्थानमा भवन प्रविधि स्रोत केन्द्रको स्थापना गर्दा यस्ता स्रोत केन्द्रहरु स्थानीय सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय वा सरकारी तालिम केन्द्रको हाता वा पायक पर्ने ठूला स्थानमा स्थापना गर्ने । त्यस्ता स्रोत केन्द्रमा परामपरागत रुपमा बनाइएको घर (पुरानो घर) र प्रस्तावित भूकम्पीय जोखिम धान्न सक्ने घरको क्षमता दाँज्न मिल्ने गरी प्रदर्शन गर्ने । गाविस तहको पुनर्निर्माण पुनर्स्थापना सम्बन्धी एकीकृत विकासको मोडल प्रदर्शनी गर्ने ।

८.५.३ भूकम्प प्रभावित क्षेत्रमा सुरक्षित भवन निर्माण सम्बन्धी तालिम व्यापक रुपमा सञ्चालन गर्नका लागि यस सम्बन्धी अध्यापन गराउने शैक्षिक संस्था तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को नेतृत्वमा प्राविधिक शिक्षालय, पोलिटेक्नीक इन्स्टिच्यूट तथा अन्य तालिम केन्द्रलाई परिचालन गर्ने र आवश्यकता अनुसार विस्तार गर्ने ।

## ८.६ सुशासन, पारदर्शिता तथा जवाफदेहिता

८.६.१ पुनर्स्थापना तथा पुनर्निर्माण कार्य अन्तर्गत गरिने निर्माण कार्य, तालिम तथा गोष्ठी तथा स्वयंसेवी कार्यहरु सञ्चालन गर्दा स्वीकृत कार्यविधि, निर्देशिका, ऐन नियमको पालना गर्ने । वस्तु तथा सेवाको खरिद कार्य सम्भव भएसम्म ई-बिडिङ प्रक्रियाबाट पारदर्शीढंगले गर्ने र यसरी खरिद भएको वस्तु तथा सेवा कहाँ कुन प्रयोजनका लागि उपयोग भएको हो, सो बारे सार्वजनिक रुपमा जानकारी गराउने ।

८.६.२ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यमा गरिने ठेक्का पट्टा, सम्झौता, सहमति करार बारे जो कसैले जानकारी लिन सक्ने गरी वेबसाइट, पत्रपत्रिकामा आवधिक रुपमा प्रकाशन गर्ने । नेपाल सरकारका निकायले तोकिएको ढाँचामा लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने र गैरसरकारी तथा निजी संघसंस्थाहरुले आफनो ढाँचामा वासलात सार्वजनिक गर्ने ।

८.६.३ पुनर्निर्माण कार्यमा संलग्न हुने निजी संस्था, सामुदायिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाले आफूले सञ्चालन गरेको योजना तथा कार्यक्रमका बारेमा सुसूचित गराउने र नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने । साथै प्रत्येक आर्थिक वर्षको अन्त्यमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा आफूले गरेको कामको प्रतिवेदन प्रस्तुत गर्ने ।

८.६.४ पुनर्निर्माण सम्बन्धी सम्पूर्ण कार्य र खरीद प्रक्रियाबारे सर्वसाधारणले जानकारी लिन चाहेमा डिजिटल ट्र्याकिङ्ग प्रणालीमार्फत लिन सक्ने व्यवस्था गर्ने ।

### ८.७ गुनासो तथा उजुरी व्यवस्थापन

८.७.१ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यमा प्राप्त हुने उजुरी, गुनासो, सुझावको तत्काल सम्बोधन गर्न स्थानीय स्तरमा तोकिएको स्थानमा गुनासो व्यवस्थापन अधिकृतको व्यवस्था गर्ने र केन्द्रमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा रहेको गुनासो व्यवस्थापन केन्द्रलाई जिम्मेवारी तोक्ने । सम्बन्धित निकायहरुमा सूचना अधिकारीको व्यवस्था मिलाउने ।

८.७.२ यस कार्यको पारदर्शीता सुनिश्चित गर्न प्रत्येक बस्ती, टोलमा नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने तथा आवश्यकता अनुसार प्राविधिक र सामाजिक परीक्षण कार्यक्रम गर्ने ।

## ९. कार्यान्वयन प्रक्रिया तथा संस्थागत संरचना

९.१ भूकम्पको प्रभावबाट क्षतिग्रस्त संरचनाको दीगो, दरिलो र योजनाबद्ध रुपमा निर्माण कार्य सम्पन्न गर्ने तथा भूकम्पबाट विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी राष्ट्रिय हित प्रबर्द्धन तथा सामाजिक न्याय प्रदान गर्न अधिकार सम्पन्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मूलभूत लक्ष्य रहेको छ । यस कार्यका लागि मूलतः स्थानीय निकाय, समूह, समुदायको स्वामित्व र अपनत्वका आधारमा स्थानीय साधन स्रोतको अधिकतम उपयोग; संस्कृति र परम्पराको जगेर्ना; आपसी समन्वय, सद्भाव र सहकार्यलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रहने कार्यान्वयन तहलाई अधिकार सम्पन्न बनाई केन्द्रीय निकायको भूमिकालाई प्रतिबद्ध सहयोगी, सहजकर्ता, अनुगमन तथा मूल्याङ्कनकर्ताको रुपमा क्रियाशील बनाइनेछ । विभिन्न तहमा निर्वाह गर्नुपर्ने भूमिका सहित प्राधिकरण अन्तर्गत परामर्श परिषद, निर्देशक समिति र कार्यकारी समितिको व्यवस्था गरिनेछ । प्राधिकरणले आफनो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

९.२ यसको कार्यान्वयन प्रक्रिया तथा संस्थागत संरचना यसैका साथ संलग्न अनुसूची १, २, ३, ४, ५, ६, ७, ८, ९ र १० मा प्रस्तुत गरिएको छ ।

## १०. पुनर्स्थापना तथा पुनर्निर्माणका लागि वित्तीय स्रोत परिचालन

१०.१.१ पुनर्स्थापना तथा पुनर्निर्माणका लागि नेपाल सरकारले एउटा छुट्टै पुनर्निर्माण कोष खडा गर्ने छ, जसमा नेपाल सरकारबाट प्राप्त रकम, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट प्राप्त रकम, विदेशी व्यक्ति वा सरकार वा दातृ निकायबाट प्राप्त रकम तथा स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम रहनेछ ।

१०.१.२ नेपाल सरकारबाट नियुक्त सद्भावना दूतले स्वदेश तथा विदेशमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी आर्थिक स्रोत जुटाउनमा पहल गर्ने छन् ।

१०.१.३ विभिन्न अन्तर्राष्ट्रिय कल्याणकारी संघसंस्थाबाट पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आर्थिक स्रोत जुटाउनका लागि पहल गरिनेछ ।

## ११. सेवानिवृत्त राष्ट्रसेवक परिचालन

पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने जनशक्तिका रुपमा सेवानिवृत्त राष्ट्रसेवक ( नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निजामती कर्मचारी र शिक्षक) लाई उनीहरुको अनुभव, दक्षता र योग्यता अनुसार परिचालन गरिनेछ ।

## १२. गैरआवासीय नेपाली र वैदेशिक रोजगारीमा गएका नेपाली युवा परिचालन

१२.१.१ पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा गैरआवासीय नेपाली, नेपाली मूलका विदेशी नागरिकलाई परिचालन गर्न उपयुक्त निर्देशिका तयार गरी उनीहरुको अनुभव, सीप, दक्षता र पूँजीको उपयोग गरिनेछ ।

१२.१.२ वैदेशिक रोजगारीमा गएका युवायुवतीलाई स्वदेशमा नै फर्की काम गर्ने वातावरण सृजना गर्न प्याकेज कार्यक्रमको घोषणा गरिनेछ । वैदेशिक रोजगारीमा जान तयार तर नेपालमा नै काम गर्न इच्छुक युवालाई युवा स्वरोजगार कोष लगायत अन्य संस्थामार्फत् आह्वान गरिनेछ।

## १३. विविध

### १३.१ भूकम्प स्मारक निर्माण

१३.१.१ २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट मृत्यु भएका र घाइते भएका व्यक्तिको सम्झना गर्न र उद्धार, राहत् तथा खोजी कार्यमा खटिदा ज्यान गुमाएका तथा घाइते भएका सैनिक, प्रहरी, निजामती कर्मचारी, विदेशी सैनिक तथा स्वयंसेवकको सम्झनामा स्मारक निर्माण गरिनेछ ।

१३.१.२ भूकम्पबाट ज्यान गुमाएका तथा घाइते भएका जिल्लाबासीहरुको सम्झनामा भूकम्पबाट अतिप्रभावित प्रत्येक जिल्ला सदरमुकाम वा अन्य उपयुक्त स्थानमा भूकम्प पार्क निर्माण गरिनेछ ।

**१३.२ आमसञ्चार माध्यम, कलाकार तथा साहित्यकारको सहभागिता**

१३.२.१ पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा सरकारको नीति, कार्यक्रम, कार्ययोजना तथा स्थानीय विकास योजना तथा निर्माणका कार्यका बारेमा आम जनतालाई सुसूचित गर्नका लागि आमसञ्चार माध्यम जस्तैः रेडियो, टेलिभिजन, अनलाईन पत्रिका, छापागृहलाई परिचालन गरिनेछ । स्थानीय स्तरका कार्यक्रमहरु बारे स्थानीय सञ्चार माध्यमहरुलाई प्राथमिकता दिइनेछ ।

१३.२.२ सुरक्षित भवन निर्माण प्रविधिबारेमा ग्रामीण तथा सहरी क्षेत्रका बासिन्दालाई जानकारी गराउन नेपाली तथा स्थानीय भाषामा पोष्टर, पर्चा, पुस्तिका तयार गरी स्थानीय समुदायसम्म पुऱ्याउने व्यवस्था गरिनेछ ।

१३.२.३ टेलिभिजन तथा रेडियो कार्यक्रम, सडक नाटक, कन्सर्ट, लोकदोहोरीको माध्यमबाट मनोरञ्जनात्मक ढंगले आम जनसमुदायलाई विपदजोखिम न्यूनीकरण सम्बन्धी जानकारी गराउन कलाकारलाई परिचालन गरिनेछ ।

१३.२.४ भविष्यका पुस्ताका लागि २०७२ सालको विनाशकारी भूकम्पबाट भएको क्षति र तत्पश्चात् राहत उद्धार, खोजी, पुनर्लाभ तथा पुनर्निर्माण कार्यमा गरिएका प्रयासको अभिलेखीकरण गर्न एक भूकम्प ग्रन्थका साथै भूकम्प संग्राहलय स्थापना गरिनेछ ।

**१३.३ निर्माण सामग्रीको सहज आपूर्तिको व्यवस्था**

१३.३.१ निर्माण कार्यलाई आवश्यक पर्ने ढुङ्गा, माटो, फलाम, काठ, जस्ता, तार, जाली, सिमेन्ट, बालुवा, बाँस लयायतका गुणस्तरीय सामग्रीको व्यवस्था, ओसार-प्रसार र बिक्री वितरण कार्यलाई सहज बनाइनेछ । स्थानीय स्तरमा प्राप्त हुने काठपातको उपयोग गर्न आवश्यक प्रक्रिया मिलाइनेछ ।

१३.३.२ निर्माण सामग्री उत्पादन गर्ने स्वदेशी उद्योगहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, उर्जा र जनशक्तिको आपूर्ति गर्न सम्बन्धित उद्योगपति र सरकारी निकायले सहकार्य गर्नेछन् ।

**१३.४ भूकम्पीय विज्ञान र प्रविधिको विकास**

१३.४.१ भूकम्पबारे अध्ययन अनुसन्धान गर्न नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको क्षमता वृद्धि गर्न भूकम्प प्रविधि क्षेत्रमा अध्ययन एवं अनुसन्धानका लागि विश्वविद्यालय तथा शैक्षिक संस्थाहरुको प्रत्यक्ष सहभागीतामा भूकम्पीय प्रविधि अनुसन्धान केन्द्र स्थापना गरिनेछ । विभिन्न विश्वविद्यालय तथा शैक्षिक संस्थामा सञ्चालनमा रहेका भूकम्पीय इन्जिनियरिङ तथा जोखिम व्यवस्थापन सम्बन्धी अध्ययन तथा अनुसन्धान केन्द्रको स्तरोन्नति र अन्य संस्थामा त्यस्ता केन्द्रहरु स्थापना गरिनेछ ।

१३.४.२ भूकम्प मापन, तथ्यांक संकलन, विश्लेषण तथा सार्वजनिक सूचना सम्प्रेषण गर्ने कार्यका लागि विद्यमान भूकम्प मापन केन्द्रको स्तरोन्नति र आवश्यकता अनुसार नयाँ स्थानमा मापन केन्द्रको स्थापना गरिनेछ । यस सम्बन्धी जनशक्तिका लागि आवश्यक प्रशिक्षणको व्यवस्था गरिनेछ ।

### १३.५ अनुगमन, मूल्याङ्कन तथा परीक्षण

१३.५.१ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य स्वीकृत कार्यक्रम तथा नीति अनुसार भए नभएको सम्बन्धमा अनुगमन गर्नका लागि एक छुट्टै स्वतन्त्र अनुगमन इकाईको व्यवस्था र परिणाममा आधारित अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

१३.५.२ राजनीतिक तहबाट अनुगमन गर्न केन्द्रीयस्तरमा संसदीय अनुगमन तथा निर्देशन समिति र जिल्लास्तरमा सम्बन्धित जिल्लाबाट व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व गर्ने सांसद्, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी रहेको जिल्ला समन्वय समिति गठन गरिनेछ ।

१३.५.३ पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी निर्माणको प्राविधिक परीक्षण गर्ने जिम्मेवारी राष्ट्रिय सतर्कता केन्द्रको हुनेछ । त्यसका लागि उक्त केन्द्रको क्षमता अभिबृद्धि गरिनेछ ।

### १३.६ सम्मान, पुरस्कारको व्यवस्था

भूकम्प पश्चात्को उद्धार, राहत, खोज कार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा खटिएका जङ्गी तथा निजामती कर्मचारी, स्वदेशी वा विदेशी सैनिक तथा गैरसैनिक व्यक्ति, स्वदेशी तथा विदेशी स्वयंसेवक, स्वदेशी तथा विदेशी संघसंस्थालाई यथोचित सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

### १३.७ नीति, ऐन नियममा परिमार्जन

१३.७.१ यस नीतिमा उल्लेख गरिए बमोजिम पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्दा भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२ अनुसार हुनेछ ।

१३.७.२ यस नीतिमा उल्लिखित प्रावधानमा कुनै कुरा अस्पष्ट भएमा सोको बारेमा थप व्याख्या वा स्पष्टीकरण राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट हुनेछ ।

**समाप्त**

<u>अनुसूची- १</u>

# कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना

राष्ट्रिय पुनर्निर्माण परामर्श परिषद् तथा विभिन्न दातृ संस्था एवं निकायहरु समेतको राय सुझावका आधारमा प्राधिकरणको निर्देशक समितिले प्राधिकरणको केन्द्रीय एवं उपक्षेत्रीय स्तरको संगठन संरचना स्वीकृत गरिसकेको छ । त्यस्तै व्यवस्थापिका-संसदले प्राधिकरणलाई पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्य सम्पन्न गर्नका लागि पाँच वर्षको समयावधि समेत किटान गरेको छ । उपर्युक्त परिप्रेक्ष्यमा यस प्राधिकरणद्वारा गरिने, गराउने पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यहरुलाई तोकिएको समयभित्रै सम्पन्न गर्नका लागि उल्लिखित ऐन तथा आवश्यकता पहिचान सम्बन्धी प्रारम्भिक प्रतिवेदन समेतका आधारमा यो कार्यान्वयन प्रकृया तथा संस्थागत संरचना प्रस्तुत गरिएको छ ।

## १. ग्रामीण आवास, बस्ती विकास तथा स्थानीय पूर्वाधार पुनर्निर्माण

१.१ व्यक्तिगत आवास तथा घरहरुको पुनर्निर्माण सम्बन्धित घरधनीहरुद्वारा गरिनेछ । सरकारका सम्बद्ध निकायहरु मार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१.२ भौगर्भिक, भौगोलिक तथा वातावरणीय लगायतका जोखिम उच्च रहेको स्थानमा बसोबास भएका बासिन्दाहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी एकीकृत सघन बस्तीमा बसोबास गर्ने व्यवस्था मिलाइनेछ । त्यस्तै छुट्टिएर रहेका घर तथा बस्तीहरुलाई एकीकृत सघन बस्तीका रुपमा विकास गर्नमा प्रोत्साहन गरिनेछ ।

१.३ माथि उल्लिखित एकिकृत सघन बस्तीको विकास गर्दा नयाँ, सुरक्षित, आधुनिक बस्तीका रुपमा विकास गर्ने अवधारणा अवलम्बन गरिनेछ । त्यस्तो बस्तीमा भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, बगैंचा, मनोरञ्जन स्थल, सामुदायिक भवन, खेल मैदान, स्वास्थ्य केन्द्र, विद्यालय आदिको विकास गरिनेछ भने उक्त गाउँ, नगर र बस्तीको आर्थिक सम्भाव्यता अध्ययन गरी आर्थिक विकासका कार्यक्रमहरु जस्तै आधुनिक एवं व्यावसायिक कृषि प्रणाली, पशुपालन, कुखुरापालन तथा विभिन्न उद्योगहरुको स्थापना गरी रोजगारीको सिर्जना गरिनेछ । यसका लागि सहकारी प्रणालीमा जोड दिइनेछ ।

१.४ व्यक्तिगत आवासको पुनर्निर्माण सम्बन्धित व्यक्तिहरुद्वारा नै गरिने भएतापनि सामाजिक बनावट तथा परम्परा अनुसार एक अर्कोलाई सघाउने 'पर्म' अवधारणा अनुरुप 'पुनर्निर्माण सामुदायिक

संस्थाहरुद्वारा पछाडि परेका व्यक्ति र परिवारको घर पहिले बनाउने प्रणाली अनुसार कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।

१.५ गाउँ, टोल तथा बस्तीभित्रका खानेपानी, बाटो, पुल-पुलेसा, नाली, सामुदायिक भवन, शौचालय, फोहर मैला व्यवस्थापन जस्ता स्थानिय पूर्वाधारहरुको निर्माण सामुदायिक संस्थाहरुमार्फत गराइनेछ । उपभोक्ता संस्थाहरुद्वारा निर्माण गरिने स्थानीय पूर्वाधारहरुको लागत रकमको सीमा बढाइनेछ र उपभोक्ता संस्थाले निर्माण व्यवसायीलाई ठेक्का दिन नपाउने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

१.६ ग्रामीण आवास, बस्ती तथा स्थानीय पूर्वाधारहरुको पुनर्निर्माण कार्यको कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धित गाविस तथा नगरपालिकाहरु मार्फत गराइनेछ । उक्त कार्यको गुणस्तरको अनुगमन तथा प्राविधिक सहयोगको व्यवस्थापन आयोजना कार्यान्वयन इकाईहरुमार्फत गराइनेछ ।

१.७ व्यक्तिगत आवासको पुनर्निर्माण कार्य सबै प्रकारका सम्भावित प्राकृतिक विपत्तीको जोखिमबाट सुरक्षित गर्ने प्रविधिमा आधारित 'प्रकृति र संस्कृति सुहाउँदो' घरहरुको पुनर्निर्माणका लागि प्रोत्साहन गरिनेछ ।

१.८ निर्माण सामग्रीहरुको खरिद कार्य सम्बद्ध घरधनी आफैले गर्नुपर्नेछ । निर्माण सामग्री सहज, सरल र सुपथ मूल्यमा उपलब्ध गराउन निजी क्षेत्रलाई परिचालन तथा नियमन गरिनेछ ।

१.९ व्यक्तिगत आवास पुनर्निर्माणका लागि आवश्यक पर्ने डकर्मी, सिकर्मी, कालीगढ जस्ता दक्ष निर्माणकर्मी (मिस्त्री) तथा अन्य अर्धदक्ष निर्माणकर्मीहरुको व्यवस्था घरधनी आफैले गर्नुपर्नेछ । त्यस प्रकारका निर्माणकर्मीहरु तयार गर्नका लागि आबस्यक तालिमको व्यवस्था गरिने छ र उपलब्ध निर्माणकर्मीहरुसँग सम्बद्ध घरधनीहरुले सम्पर्क र समन्वय गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

१.१० घर तथा आवास पुनर्निर्माणका लागि आवश्यक पर्ने लगानीका लागि सरकारले दुई लाख रुपैयाँ अनुदान तथा तीन लाख रुपैयाँसम्मको सहुलियत ब्याजदरमा ऋण रकम तोकिएका बैंकहरुमार्फत सम्बद्ध घरधनीहरुलाई तोकिएको प्रकृया बमोजिम उपलब्ध गराइनेछ । तोकिएको अनुदान भन्दा बढी लिनुपर्ने ऋण रकमको व्यवस्थापन घरधनी आफैले गर्नु पर्नेछ ।

१.११ घरधनीले आफूले निर्माण गर्न घना बस्ती भएका र बस्ती बिकासका लागि जग्गा उपलब्ध हुने स्थानमा सकभर एकै स्वरुपका आवास/घर (आकार सानो वा ठूलो हुन सक्ने) बनाउने छन् । घरको नक्शा-डिजाइन सम्बन्धित गाविस वा नगरपालिकामा पेश गरी स्वीकृति लिनुपर्नेछ । सम्बन्धित गाविस/नगरपालिकाले उक्त घरको पुनर्निर्माण कार्य स्वीकृत नक्शा पास बमोजिम भए,

नभएको विषयमा विभिन्न चरणमा सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । सम्बन्धित गाविस/नगरपालिकाले गरेको प्राविधिक सुपरीवेक्षण उपयुक्त भए नभएको वा सम्बन्धित घरधनीहरुले निर्माण गरेको घर स्वीकृत डिजाइन-नक्शा अनुसार भए, नभएको बारेमा सहरी विकास मन्त्रालय अन्तर्गत तोकिएका निकायहरुद्वारा अनुगमन हुनेछ ।

१.१२ व्यक्तिगत घर निर्माणका लागि प्राधिकरणले सम्बन्धित निकायमार्फत विभिन्न नक्शा-डिजाइनका नमूना तयार पारी घर-घरमा उपलब्ध गराउनेछ । घरधनीहरुले उक्त नमूना अनुसार आफूलाई मन पर्ने नक्शा-डिजाइन छनौट गरी वा नमूना भन्दा बाहिर घरको नक्शा-डिजाइन तयार पारी सम्बद्ध गाविस/नगरपालिकामा पेश गर्न सक्नेछन् । घरधनीद्वारा छुट्टै तयार पारिएको घर-नक्शा डिजाइन सुरक्षित र बलियो हुनु पर्नेछ ।

१.१३ प्रत्येक गाविसमा घर/आवासको लागि नक्शा-डिजाइन पास गर्न तथा निर्माण कार्यको चरणबद्ध चेकजाँच गरी प्राविधिक सिफारिश गर्न एवं सामुदायिक तहका पूर्वाधारहरुको पुनर्निर्माण कार्यको सुपरिवेक्षण गर्नका लागि कम्तिमा एक जना इन्जिनियर र एक जना सव-इन्जिनियरको व्यवस्था गरिनेछ । यस कार्यमा समुदायलाई सुसूचित गर्न, संगठित गर्न, जनचेतना जागृत गराउन तथा स्थानीय समुदायको जिज्ञासा र गुनासाहरु स्थानीय तहमै सम्बोधन गर्नका लागि कम्तिमा एक जना सामाजिक परिचालकको व्यवस्था गरिनेछ । घर/आवासहरुको पुनर्निर्माण कार्य बारे निर्माणकर्मीहरुलाई सिकाउन, समन्वय गर्न तथा निर्माण कार्यको स्थलगत निरीक्षण गर्न कम्तिमा एक जना दक्ष निर्माणकर्मीको व्यवस्था गरिनेछ । सम्बद्ध गाविस/नगरपालिकाको निर्णय प्रकृया टुंग्याउन, स्थानीय पूर्वाधारहरुको निर्माणका लागि उपभोक्ता संस्थाहरुसँग सम्झौता गर्न एवं अन्य प्रशासकीय कार्य गर्नका लागि सम्बन्धित गाविस एवं नगरपालिकामा क्रमशः अधिकृत/नासु स्तरको एक जना गाविस सचिव एवं नगरपालिका कार्यकारी अधिकृत रहने व्यवस्था मिलाइनेछ ।

१.१४ माथि बुँदा नं. १.१३ मा उल्लिखित जनशक्तिले मात्र आवास, घर तथा स्थानीय पूर्वाधारहरुको पुनर्निर्माण कार्य गराउन सम्भव नहुने र प्रत्येक गाविस तहमा उक्त संख्या भन्दा बढी जनशक्ति राख्दा बोझिलो हुन सक्ने भएकाले स्थानीय तहमा सम्पूर्ण पुनर्निर्माण कार्यलाई सहयोग पुऱ्याउन र समन्वय तथा व्यवस्थापन गर्नका लागि पुनर्निर्माण कार्यको मात्रा तथा सुगमता जस्ता पक्षहरुलाई विचार गरी तीनदेखि छ वटा गाविसहरुलाई समेट्ने गरी पायक पर्ने उपयुक्त स्थानमा पुनर्निर्माण स्रोत केन्द्र को स्थापना गरिनेछ । स्रोत केन्द्रमा निम्नलिखित व्यवस्था मिलाइनेछ ।

- अनुदान तथा सहुलियत ऋण उपलब्ध गराउन बैंकको व्यवस्था ।

- निर्माणकर्मीहरुलाई तालिम उपलब्ध गराउन तथा निर्माणकर्मीहरुसँग सम्पर्क र समन्वय गर्न तालिम केन्द्रको व्यवस्था ।
- निर्माण सामग्रीहरु सुपथ, सहज र सरल ढंगले खरिद गर्नका लागि निर्माण सामग्री पसलहरुको व्यवस्था ।
- घरधनीहरुलाई नक्शा तयारी गरिदिन, निर्माण कार्य सिकाउन तथा सामुदायिक पूर्वाधार निर्माणमा प्राविधिक सहयोग गर्न एवं आवास तथा पूर्वाधारहरुको चेकजाँच गर्नका लागि आवश्यक प्राविधिक जनशक्तिको व्यवस्था ।
- समुदाय परिचलानार्थ सहयोग पुऱ्याउन तथा जनचेतना अभिवृद्धि गर्न आवश्यक संख्यामा समुदाय परिचालकहरुको व्यवस्था ।
- स्थानीय समुदायलाई आयआर्जन तथा आर्थिक पुनर्स्थापना सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन आवश्यक विज्ञहरुको व्यवस्था ।
- स्थानीय जनताहरुलाई समयमै सुसूचित गराउनका लागि सञ्चार केन्द्रको प्रबन्ध ।
- जनगुनासो सम्बोधन गर्न एवं स्रोत केन्द्र अन्तर्गतका कार्यहरुको समग्र संयोजन तथा अनुगमनका लागि एक अनुगमनकर्ताको व्यवस्था ।

  उपर्युक्त सेवाहरु मध्ये अनुदान तथा ऋण वितरणका लागि उक्त स्रोत केन्द्रमा तोकिएका बैंकहरुको शाखा स्थापना गरिनेछ ।

१.१५ देहाय बमोजिमका कार्यहरु गर्नका लागि प्राधिकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय (साझेदार संस्था) र कार्यान्वयन निकायकाबीच समझदारी पत्रका आधारमा कार्यक्षेत्र तोकिनेछ ।

- आवास तथा पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने इन्जिनियर तथा सव इन्जिनियरहरुबाट प्राविधिक सहयोग पुऱ्याउन ।
- समुदाय परिचालकहरुको व्यवस्था गर्न ।
- दक्ष निर्माणकर्मीहरुको उत्पादनका लागि तालिम तथा निर्माणकर्मीहरुको उपलब्धता गराउन सहयोग पुऱ्याउन ।
- सेवाग्राही घरधनीहरुको बैंक खाता खोल्न सहयोग पुऱ्याउन ।
- आर्थिक पुनर्स्थापना सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन ।
- प्रचार प्रसार व्यवस्थापन गर्ने कार्यमा सहयोग पुऱ्याउन ।

  त्यसरी प्राप्त हुने सहयोग नपुग भएमा प्राधिकरणले थप आवश्यक जनशक्तिको समेत व्यवस्था मिलाउनेछ ।

यसैगरी घर तथा आवासहरुको पुनर्निर्माण कार्यको गुणस्तर कायम गर्नका लागि सम्बद्ध सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयमा स्थापना गरिने जिल्लास्तरीय पुनर्निर्माण कार्यान्वयन इकाईमार्फत तथा सामुदायिक तहमा उपभोक्ता संस्थाहरुद्वारा गरिने सामुदायिक पूर्वाधारहरुको पुनर्निर्माण कार्यको गुणस्तर कायम गर्नका लागि सम्बद्ध जिल्ला प्राविधिक कार्यालयसँगै स्थापना गरिने जिल्ला स्तरीय पुनर्निर्माण आयोजना कार्यान्वयन इकाईमार्फत उक्त स्रोत केन्द्रमा आवश्यक संख्यामा निरीक्षक इन्जिनियरहरुको व्यवस्था मिलाइनेछ । यसरी स्रोत केन्द्रले आवास, बस्ती विकास तथा स्थानीय पूर्वाधारहरुको पुनर्निर्माणका निम्ति महत्वपूर्ण मेरुदण्डका रुपमा कार्य गर्नेछ ।

गुनासो व्यवस्थापन तथा स्रोत केन्द्रको समग्र अनुगमन, व्यवस्थापन र समन्वयका लागि प्राधिकरणले एक जना अनुगमनकर्ता अधिकृत नियुक्त गरी खटाउनेछ । निर्माण सामग्रीहरुको व्यवस्थापन कार्य सम्बद्ध जिल्लाको उद्योग वाणिज्य संघ सँगको समन्वयमा प्रतिष्पर्धात्मक बजार व्यवस्था अनुरुप हुने गरी मिलाइनेछ ।

१.१६ आवास/बस्ती तथा स्थानीय पूर्वाधारहरुको पुनर्निर्माण कार्यको समग्र कार्यान्वयन अवस्था र गुणस्तरको अनुगमन गर्ने एवं स्रोत केन्द्रलाई आवश्यक निर्देशन गर्ने कार्य प्राधिकरणको उपक्षेत्रीय अनुगमन कार्यालयले गर्नेछ ।

१.१७ केन्द्रीय तथा जिल्ला आयोजना कार्यान्वयन इकाई, सहरी विकास मन्त्रालय : सहरी विकास मन्त्रालय अन्तर्गत रहने केन्द्रीय आयोजना कार्यान्वयन इकाईको नेतृत्व नेपाल सरकारका रा.प. प्रथम श्रेणी (प्रा) वा सो सरहका आयोजना निर्देशकद्वारा हुनेछ भने आवास तथा बस्तीहरुको पुनर्निर्माण कार्य हेर्ने गरी एकजना आयोजना उपनिर्देशक सहितको कर्मचारी एवं विज्ञहरुको टोली रहनेछ । केन्द्रीय आयोजना कार्यान्वयन इकाईले निम्नलिखित कार्य गर्नेछ ।

- व्यक्तिगत घर/आवास तथा बस्तीहरुको पुनर्निर्माण कार्यको कार्यान्वयन प्रकृयालाई प्रभावकारी बनाउने ।
- केन्द्रीय तहमा प्राधिकरण, सम्बद्ध मन्त्रालय एवं विभाग तथा अन्य कार्यान्वयन इकाईहरुद्वारा गरिने पुनर्निर्माण कार्यलाई प्रभावकारी बनाउने ।
- केन्द्रीय तहमा रहेका पुनर्निर्माण कार्यसँग सम्बन्धित निकाय (प्राधिकरण, सम्बद्ध मन्त्रालय एवं विभाग तथा अन्य साझेदार संस्थाहरु)सँग समन्वय गर्ने ।

व्यक्तिगत घर/आवासहरुको पुनर्निर्माण सम्बन्धी प्राविधिक पक्षलाई प्रभावकारी बनाउनका निम्ति जिल्ला डिभिजन कार्यालयसँगै रहने गरी जिल्ला आयोजना कार्यान्वयन इकाई रहनेछ । जसको

नेतृत्व रा.प. द्वितीय श्रेणी (प्रा) वा सो सरहका जिल्ला आयोजना प्रमुखले गर्नेछन् । आवास/घर तथा बस्तीहरुको पुनर्निर्माण कार्य हेर्नका लागि जिल्ला उप-आयोजना प्रमुख सहितको विज्ञ एवं कर्मचारीहरुको टोली रहनेछ । यसले स्रोत केन्द्रमार्फत घर/आवास तथा बस्तीहरुको निरीक्षण/चेकजाँच गर्ने व्यवस्था मिलाउनेछ ।

१.१८ केन्द्रीय तथा जिल्ला आयोजना कार्यान्वयन इकाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहने केन्द्रीय आयोजना कार्यान्वयन इकाईको नेतृत्व नेपाल सरकारका रा.प. प्रथम श्रेणी (प्रा) वा सो सरहका आयोजना निर्देशकद्धारा हुनेछ भने आवास तथा बस्तीहरुको पुनर्निर्माण कार्य हेर्ने गरी एकजना आयोजना उपनिर्देशक सहितको कर्मचारी एवं विज्ञहरुको टोली रहनेछ । केन्द्रीय इकाईले निम्नलिखित कार्य गर्नेछ ।

- स्थानीय तहमा हुने सामुदायिक पूर्वाधारहरुको पुनर्निर्माण कार्यको कार्यान्वयन प्रकृयालाई सहज बनाउने ।
- राष्ट्रीय पुनर्निर्माण प्राधिकरण, सम्बद्ध मन्त्रालय एवं विभाग तथा अन्य साझेदार संस्थाहरुसँग समन्वय गर्ने ।
- आवास एवं घरहरुको पुनर्निर्माणका लागि उपलब्ध गराइने अनुदान वितरणलाई प्रभावकारी बनाउने ।

स्थानीय पूर्वाधारको पुनर्निर्माण सम्बन्धी प्राविधिक पक्षलाई प्रभावकारी बनाउनका निम्ति जिल्ला प्राविधिक कार्यालयसँग रहने गरी जिल्ला आयोजना कार्यान्वयन इकाई रहनेछ । जसको नेतृत्व रा.प. द्वितीय श्रेणी (प्रा) वा सो सरहका जिल्ला आयोजना प्रमुखले गर्नेछन् । स्थानीय पूर्वाधारको पुनर्निर्माण कार्य हेर्नका लागि जिल्ला उप-आयोजना प्रमुख सहितको विज्ञ एवं कर्मचारीहरुको टोली रहनेछ । यसले स्रोत केन्द्रमार्फत स्थानीय पूर्वाधारको प्राविधिक निरीक्षण र चेकजाँच गर्ने व्यवस्था मिलाउनेछ ।

१.१९ व्यक्तिगत घर तथा आवास पुनर्निर्माण कार्यका लागि दिइने अनुदान तथा सहुलियत व्याजदरमा दिइने ऋण उपलब्ध गराउने कार्य विस्तृत क्षति मूल्याङ्कन सर्वेक्षण कार्य सम्पन्न भए पश्चात प्राधिकरणको निर्देशक समितिद्वारा निर्धारण गरिने लाभग्राही पूर्व योग्यता मापदण्डहरुका आधारमा गरिनेछ ।

१.२० केन्द्रीय आयोजना कार्यान्वयन इकाईका आयोजना निर्देशक लाई विभागीय प्रमुखका रुपमा सम्बद्ध आयोजनाको कार्यान्वयनसँग सम्बन्धित विषय (लागत अनुमान स्वीकृति, बोलपत्र स्वीकृति, भुक्तानी आदि) हरुमा निर्णय लिने सम्पूर्ण अधिकार दिइनेछ । मन्त्रिपरिषद्‌बाट गर्नुपर्ने विशेष

निर्णय बाहेक कार्यान्वयन प्रकृयासँग सम्बन्धित विषयमा निर्णय लिनका निम्ति सम्बन्धित विभाग तथा मन्त्रालयमा फाइल पठाउनु नपर्ने व्यवस्था मिलाइनेछ ।

१.२१ जिल्ला समन्वय समितिः भूकम्प प्रभावित प्रत्येक जिल्लामा नेपाली वर्णानुक्रमानुसार प्रत्येक ६-६ महिनामा पालैपालो अध्यक्षता गर्ने गरी सम्बन्धित जिल्लाबाट व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने सांसदको अध्यक्षतामा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं स्थानीय विकास अधिकारी सदस्य र प्राधिकरणबाट तोकिएका अधिकृत कर्मचारी सदस्य-सचिव रहने गरी 'जिल्ला समन्वय समिति रहनेछ । यसले सम्बन्धित जिल्लामा हुने पुनर्निर्माणसँग कार्यको समन्वय गर्ने, कार्य प्रगति सम्बन्धमा समीक्षा गर्ने र पुनर्निर्माण कार्यमा संलग्न सम्बद्ध कार्यान्वयन निकाय एवं कार्यालयहरुलाई आवश्यक सुझाव र निर्देशन दिनेछ ।

१.२२ पूर्व योग्यता मापदण्डहरुको निर्धारण गर्ने कार्य प्राधिकरणको निर्देशक समितिले गर्नेछ । घरधुरी विस्तृत क्षति सर्वेक्षण सम्पन्न भए पछि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले स्वीकृत मापदण्डका आधरमा लाभग्राही पहिचान गरी प्राधिकरण समक्ष सिफारिस गर्नेछ । सो सिफारिसका आधारमा प्राधिकरणले लाभग्राहीहरुको एकिन गर्नेछ । एकिन भएका लाभग्राहीलाई अनुदान बितरण सम्बन्धी कार्यक्रम बनाई संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले कार्यक्रमको स्वीकृती एवं बजेट निकासाको लागि प्राधिकरणमा पेश गर्नेछ । प्राधिकरणबाट स्वीकृत कार्यक्रम एवं बजेटका आधरमा सो केन्द्रीय आयोजना कार्यान्वयन इकाईले "भूकम्पबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२" बमोजिम कार्यान्यन गर्ने गराउने छ । सम्बद्ध आयोजना कार्यान्वयन इकाईले सम्बन्धित गाविस, नगरपालिका तथा श्रोतकेन्द्रहरुमा कार्यान्वयनका लागि पठाएको लाभग्राहीको विवरण सम्बन्धी कुनै गुनासो आएमा सो गुनासो सम्बोधन गर्नका लागि प्राधिकरणको उपक्षेत्रीय कार्यालयका प्रमुखको संयोजकत्वमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी रहेको एक 'लाभग्राही सिफारिश तथा पुनरावलोकन समिति' रहनेछ । उक्त समितिले आवश्यकता अनुसार सम्बन्धित सांसदहरु, जनप्रतिनिधिहरु, गाविस सचिवहरु, नगरपालिकाका कार्यकारी अधिकृतहरु, आयोजना प्रमुखहरु वा अन्यलाई आमन्त्रण गर्न सक्नेछ । साथै उक्त समितिले प्राप्त गुनासाहरु फर्स्यौट गरी सोको जानकारी प्राधिकरणको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।

१.२३ गाविस तहको स्थानीय स्तरका पूर्वाधारहरुको सम्बन्धमा विपद पश्चात्को आवश्यकता पहिचान प्रतिवेदन वा पछि गराइने विस्तृत आवश्यकता पहिचान पुनरावलोकन प्रतिवेदनका आधारमा

सम्बन्धित गाविसले आयोजना तयार पारी जिल्लास्थित आयोजना कार्यान्वयन इकाई मार्फत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईमा पठाउनु पर्नेछ र सोही आधारमा प्राधिकरणले आयोजना स्वीकृति गर्नेछ । त्यस्तै उक्त आयोजनाको कार्यान्वयन गर्ने अख्तियारी र बजेट प्राधिकरणले केन्द्रीय आयोजना कार्यान्वयन इकाईको आयोजना निर्देशकलाई र आयोजना निर्देशकले जिल्ला आयोजना कार्यान्वयन इकाईको आयोजना प्रमुखलाई तथा निजले गाविस सचिव/अधिकृतलाई दिनेछ । गाविस सचिव/अधिकृतले उक्त आयोजनाको कार्य स्थानीय पुनर्निर्माण सामुदायिक संस्थासँग सम्झौता गरी कार्यान्वयन गराउनेछ । त्यस्ता आयोजनाहरुमा सामुदायिक संस्थाहरुले लागत अनुमानको न्यूनतम दश प्रतिशत बराबरको लागत सहभागिता वा जनश्रमदान र सामग्री सहयोग गर्नुपर्नेछ । उक्त आयोजनाहरुको रेखदेख सम्बन्धित गाविसको इन्जिनियरले गर्नेछ भने प्राविधिक सहयोग सम्बन्धित स्रोत केन्द्रबाट उपलब्ध हुनेछ । आयोजनाको गुणस्तर सम्बन्धी अनुगमनजिल्ला आयोजना कार्यान्वयन इकाई (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय )का मार्फत स्रोत केन्द्रमा रहने प्राविधिकहरुबाट हुनेछ ।

१.२४ छनौटमा परेका सेवाग्राही घरधनीहरुलाई दुई लाख रुपैयाँको अनुदान सहयोग निम्न बमोजिम तीन किस्तामा उपलब्ध गराइनेछ ।

- प्रथम किस्ता घरधनीले गाविससँग सुरक्षित घर निर्माण गर्ने शर्त/ घर नक्शा पास सहित अनुदान सम्झौता गरे पश्चात २५ प्रतिशत (रु ५०,००० अनुदान) ।
- दोस्रो किस्ता प्लिन्थ तह (जग) को निर्माण कार्य सम्पन्न भए पश्चात प्राविधिक चेकजाँचका आधारमा ४० प्रतिशत (रु ८०,००० अनुदान) ।
- तेस्रो एवं अन्तिम किस्ता छाना छाउनु अगाडिको तहसम्म (Roof Band) को कार्य सम्पन्न भए पश्चात प्राविधिक चेकजाँचका आधारमा ३५ प्रतिशत (रु ७०,००० अनुदान) ।

उपरोक्त अनुसारका तीनवटै किस्ताको अनुदान रकम बैंकिङ प्रणालीमार्फत उपलब्ध गराइनेछ । जनतालाई सहज रुपमा अनुदान रकम उपलब्ध गराउन गाविस तहमा बैंकिङ प्रणाली वा शाखा रहित बैंकिङ सेवा उपलब्ध गराइनेछ भने स्रोत केन्द्रमा कम्तिमा एउटा बैंकको शाखा कार्यालय खोल्ने व्यवस्था मिलाइनेछ ।

१.२५ व्यक्तिगत घर पुनर्निर्माणका लागि उपलब्ध गराइने अनुदान रकमका निम्ति सम्बद्ध जि.वि.स.मा रहेको जिल्ला आयोजना कार्यान्वयन इकाईले स्वीकृत लाभग्राही संख्याका आधारमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वन इकाईमार्फत प्राधिकरणसँग बजेट माग गर्नेछ । प्राधिकरणले पनि सोही अनुरुप केन्द्रीय आयोजना कार्यान्वयन

इकाईमार्फत जिल्ला आयोजना कार्यान्वयन इकाई लाई अख्तियारी र बजेट उपलब्ध गराउने छ। सम्बद्ध जिल्ला आयोजना कार्यान्वयन इकाईले जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित सम्झौता गरिएको बैंकलाई लाभग्राहीहरुको नामावली सहित बजेट निकासा गर्नेछ। बैंकले पनि सोही अनुरुप सम्बद्ध लाभग्राही घरधनीहरुको खातामा रकम जम्मा गरिदिनेछ।

## २. सहरी आवास तथा पूर्वाधारहरुको पुनर्निर्माण एवं सम्पदा संरक्षण

२.१ सहरी आवास पुनर्निर्माण कार्यको कार्यान्वयन अवधारणा ग्रामीण आवास कार्यान्वयन अवधारणा अनुरुप नै हुनेछ। तथापि यसमा निम्नानुसार परिमार्जन गरिनेछ।

२.१.१ ग्रामीण आवास तथा सामुदायिक पूर्वाधारतर्फ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले सम्बन्धित सामुदायिक संस्थामार्फत कार्यान्वयन हुने सामुदायिक पूर्वाधारहरुको पुनर्निर्माण कार्यको गुणस्तर चेकजाँच अनुगमन गर्ने व्यवस्था भएकोमा सहरी आवास तथा पूर्वाधारहरुको पुनर्निर्माण कार्यको सुपरिवेक्षण सम्बन्धित नगरपालिकामा रहने नगरपालिका आयोजना कार्यान्वयन इकाईका इन्जिनियरहरुमार्फत हुने र सहरी आवास तथा पूर्वाधार दुवैको पुनर्निर्माण कार्यको चेकजाँच र अनुगमन सम्बन्धित जिल्लामा रहने सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाईबाट खटिने निरीक्षक इन्जिनियरहरुले गर्नेछन।

२.१.२ सहरी आवास पुनर्निर्माण कार्यका लागि अनिवार्य रुपमा सम्बन्धित सहरी बस्तीको योजना तयार पारी कार्यान्वयन गर्नुपर्नेछ।

२.१.३ सहरी पूर्वाधार पुनर्निर्माणका लागि बजेट निकासा र अख्तियारी सहरी विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत सिधै नगरपालिकाका कार्यकारी अधिकृतलाई दिने व्यवस्था मिलाइनेछ। व्यक्तिगत घरहरुको पुनर्निर्माण अनुदानको बजेट निकासा र अख्तियारी सिधै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वन इकाईबाट सम्बद्ध नगरपालिकामा पठाइनेछ।

२.१.४ भूकम्प प्रभावित जिल्लामा रहेका नगरपालिकाहरुमध्ये सहरीकरण मूलतः काठमाडौं उपत्यकामा भएको र काठमाडौं उपत्यकाका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका सम्पदाहरुको पुनर्निर्माण र विकास अन्योन्याश्रित हिसाबले अन्तरसम्बन्धित हुनेछन्।

२.१.५ सहरी आवास, सहरी पूर्वाधार र सम्पदा संरक्षण सहितको पुनर्निर्माण कार्यका लागि सहयोग पुऱ्याउन प्रत्येक नगरपालिका तहमा स्रोत केन्द्रको व्यवस्था गरिनेछ । पूर्वाधारका सम्बन्धमा चेकजाँच गर्नका लागि सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाई तथा पुरातत्व विभाग अन्तर्गतको जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाईबाट समेत प्राविधिक टोली पठाउने व्यवस्था मिलाइनेछ ।

२.२ साँस्कृतिक, पुरातात्विक तथा ऐतिहासिक महत्वका सम्पदाहरुको पुनर्निर्माण कार्यका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत रहने गरी केन्द्रमा एक केन्द्रीय आयोजना कार्यान्वयत इकाईको स्थापना गरिनेछ भने आवश्यकता अनुसार जिल्ला तह वा स्रोत केन्द्र तहमा जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाई वा स्थानीय आयोजना कार्यान्वयन इकाईको व्यवस्था गरिनेछ । जिल्ला तहमा जिल्लास्तरीय आयोजना कार्यान्वयन इकाई रहेको अवस्थामा स्रोत केन्द्र तहमा पुरातत्व क्षेत्रका विज्ञ एवं इन्जिनियरहरु पठाउने व्यवस्था गरी पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण तथा संरक्षण कार्यको रेखदेख एवं चेकजाँच गर्ने व्यवस्था मिलाइनेछ ।

२.३ स्थानीय महत्वका पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको पुनर्निर्माण तथा संरक्षण कार्य सम्बन्धित नगरपालिका वा गाविसमार्फत कार्यान्वयन गरिनेछ । नगरपालिका, गाविस वा गुठीको स्वामित्वमा रहेका पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको पुनर्निर्माण तथा संरक्षण कार्य सम्बन्धित नगरपालिका, गा.वि.स.वा गुठीमार्फत पुरातत्व विभागसंगै रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाई वा जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाई वा स्थानीय आयोजना कार्यान्वयन इकाईको प्राविधिकबाट चेकजाँच गरिनेछ ।

२.४ सहरी आवास एवं पूर्वाधार तथा स्थानीयसम्पदा संरक्षण कार्यको एकीकृत योजना तयारी सहित कार्यान्वयन गर्नका लागिसम्बद्ध नगरपालिका तहमा आयोजना कार्यान्वयन इकाईको व्यवस्था मिलाइनेछ । यसमा नगरपालिका तथा पुरातत्व विभागमार्फत आवश्यक प्राविधिकहरुको व्यवस्था गरिनेछ । पुरातत्व विभागमार्फत स्थापना गरिने जिल्ला स्तरीय वा स्थानीय आयोजना कार्यान्वयन इकाईको संख्या यथासम्भव कम गरिनेछ ।

२.५ काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत काठमाडौं उपत्यकाको समग्र एकीकृत सहरी विकास तथा पुनर्निर्माण योजना तयार पारिनेछ । उपत्यकाभित्र गरिने पुनर्निर्माण कार्यलाई सोही अनुरुप निर्देशित गर्ने व्यवस्था मिलाइनेछ ।

२.६ पुराना बस्ती तथा सहरी क्षेत्रको पुनर्निर्माण कार्यलाई नगर पुनर्निर्माणको अवधारणा अनुरुप एकिकृत आवास क्षेत्र योजनाजस्ता विधिहरु अबलम्बन गरी कार्यान्वयन गरिनेछ । पुराना बस्ती तथा घरहरुको पुनर्निर्माण गर्दा सम्भव भए सम्म समग्र बस्तीको पुनर्निमाण गरिनेछ र यस्ता

बस्तीको ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक महत्वलाई पर्यटन प्रबर्द्धन कार्यसंग समेत जोडेर लगिनेछ ।

२.७ बुँदा नं. २.६ अनुरुपको एकिकृत आवास योजना अवधारणालाई कार्यान्वयनमा ल्याउनका लागि बैंकिङ क्षेत्रसँग सहकार्य गरी ऋण लगानी परिचालन गर्नमा प्रोत्साहन गरिनेछ ।

२.८ पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरु रहेका टोल तथा बस्तीहरुमा त्यस्ता सम्पदासँग मेल नखाने गरी निर्मित कंक्रिटका संरचना वा त्यस्तै प्रकारका संरचनाहरु भएका व्यक्तिगत वा सार्वजनिक भवनहरुलाई सम्पदाहरुसँग मेल खाने गरी पुनर्निर्माण गर्ने र घरको बाहिरी स्वरुपलाई उक्त स्थानमा रहेका सम्पदाहरुको कलासँग मेल खाने गरी बनाइनेछ । यसका लागि व्यक्तिगत घरको बाहिरी स्वरुप निर्माणका लागि आवश्यक पर्ने कालिगढ, काठ तथा ईंटामा सहुलियत दिने व्यवस्था मिलाइनेछ ।

२.९ पुराना बस्तीहरुको पुनर्निर्माण गर्दा स्थानीय समुदायको परिचालन गर्नमा जोड दिइनेछ । सम्भव भएसम्म स्थानीय पूर्वाधारहरुको पुनर्निर्माण कार्य सामुदायिक संस्थामार्फत जनसहभागिता परिचालन गरी कार्यान्वयन गरिनेछ ।

## ३. सार्वजनिक भवन तथा ठूला पूर्वाधारहरुको पुनर्निर्माण

३.१ सार्वजनिक भवनहरुलाई सरकारी, गाविस/नगरपालिका/जिविस, विद्यालय तथा शैक्षिक संस्था, स्वास्थ्य चौकी तथा अस्पताल, एवं सुरक्षा निकायका भवनहरु गरी पाँच भागमा विभाजन गरी सोही अनुरुपको कार्यान्वयन प्रक्रिया अवलम्बन गरिनेछ ।

३.२ केन्द्रीय सरकारका विभिन्न निकायहरुको स्वामित्वमा रहेका भवनहरुको पुनर्निर्माण कार्य सहरी विकास मन्त्रालय, केन्द्रीय एवं जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाईमार्फत खरिद सम्बन्धी कानुनी प्रकृया अवलम्बन गरी कार्यान्वयन हुनेछ ।

३.३ गाविस/नगरपालिका तथा जिविस भवनहरुको पुनर्निर्माण कार्य सम्बन्धित स्थानीय निकायहरुमार्फत खरिद सम्बन्धी कानुनी प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ । उक्त भवनहरुको पुनर्निर्माण कार्यमा सहरी विकास मन्त्रालय अन्तर्गतको जिल्ला स्तरीय आयोजना कार्यान्वयन इकाईले स्रोत केन्द्रमार्फत आवश्यक प्राविधिक सहयोग पुऱ्याउने व्यवस्था मिलाउनेछ ।

३.४ विद्यालय भवनहरुको पुनर्निर्माण गर्दा सम्भव भएसम्म विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । त्यसमा स्थानीय जनताको लागत सहभागिता वा जनश्रमदान वा स्थानीय स्रोत साधन परिचालन गर्नमा जोड दिइनेछ । ठूला लगानी लाग्ने विद्यालयहरुको पुनर्निर्माण कार्य शिक्षा मन्त्रालय अन्तर्गत स्थापना गरिने केन्द्रीय आयोजना

कार्यान्वयन इकाई र जिल्ला शिक्षा कार्यालय अन्तर्गत स्थापना गरिने जिल्ला आयोजना कार्यान्वयन इकाईमार्फत खरिद सम्बन्धी कानुनी प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ ।

३.४.१ विद्यालय व्यवस्थापन समितिद्वारा गरिने विद्यालयहरुको पुनर्निर्माण कार्यका लागि आवश्यक प्राविधिक सहयोग सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा सम्बद्ध स्रोत केन्द्रमार्फत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा खटिएका प्राविधिकहरुबाट गरिने चेकजाँच र सिफारिशका आधारमा बजेट निकासा गर्ने व्यवस्था मिलाइनेछ ।

३.५ विश्वविद्यालयहरुको पुनर्निर्माण कार्य सम्बन्धित संस्थाद्वारा स्थापना गरिने आयोजना कार्यान्वयन इकाई मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । पुनर्निर्माण कार्यको प्राविधिक रेखदेख र चेकजाँच शिक्षा मन्त्रालयको समन्वयमा गरिनेछ ।

३.६ स्वास्थ्य चौकी भवनहरुको पुनर्निर्माण गर्दा सम्भव भएसम्म स्थानीय स्वास्थ्य चौकी व्यवस्थापन समितिमार्फत कार्यान्वयन गरिनेछ । त्यसमा स्थानीय जनसहभागिता, जनश्रमदान एवं स्थानीय निर्माण सामग्री परिचालन गर्नमा जोड दिइनेछ । स्वास्थ्य केन्द्र तथा अस्पताल भवनहरुको पुनर्निर्माण कार्य खरिद सम्बन्धी कानुनी प्रकृया अवलम्बन गरी सहरी विकास मन्त्रालय अन्तर्गतका आयोजना कार्यान्वयन इकाईहरुमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३.६.१ स्थानीय समुदायद्वारा निर्माण गरिने स्थानीय स्वास्थ्य चौकी भवनहरुको पुनर्निर्माण कार्यमा सहरी विकास मन्त्रालय अन्तर्गतका जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा सम्बन्धित स्रोत केन्द्रमार्फत प्राविधिक सहयोग पु¥याउने व्यवस्था मिलाइनेछ । उक्त स्वास्थ्य चौकी भवनहरुको निर्माण कार्यको रकम भुक्तानी गर्दा सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाईद्वारा स्रोत केन्द्रमार्फत खटिने प्राविधिकहरुले चेकजाँच गरे पश्चात् दिने गरी व्यवस्था मिलाइनेछ ।

३.६.२ स्वास्थ्य केन्द्र तथा अस्पतालहरुको डिजाइन गर्दा स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा विभागले तोकेको मापदण्ड पूरा गर्नु पर्नेछ ।

३.७ प्रहरी चौकीहरुको पुनर्निर्माण कार्यको कार्यान्वयन गर्दा समेत सम्भव भएसम्म स्थानीय जनसमुदाय तथा प्रहरी जवानहरुको परिचालन गरिनेछ । यसले एकातर्फ सुरक्षा निकायप्रति स्थानीय जनताको सकारात्मक सोचको विकास हुनेछ भने अर्कोतर्फ स्थानीय स्रोत र साधनको परिचालन भई लागत मूल्य घट्न जानेछ । स्थानीय स्रोत, साधन र जनसमुदाय परिचालन सम्भव नभएका स्थानमा प्रहरी चौकीहरुको पुनर्निर्माण खरिद सम्बन्धी कानुनी प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ । यसका लागि नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका प्रधान कार्यालयहरुमा एक-एक वटा केन्द्रीय आयोजना कार्यान्वयन इकाईहरुको स्थापना गरिनेछ । जिल्लास्थित प्रहरी

कार्यालयहरुमा आवश्यकता अनुसार जिल्ला आयोजना कार्यान्वयन इकाईहरुको स्थापना गरिनेछ। उक्त जिल्ला आयोजना कार्यान्वयन इकाईमार्फत स्रोत केन्द्रमा परिचालन गरिने प्राविधिक टोलीद्वारा प्रहरी चौकी भवनहरुको पुनर्निर्माण कार्यका लागि आवश्यक पर्ने प्राविधिक सहयोगका साथै चेकजाँच तथा रेखदेख गर्ने व्यवस्था मिलाइनेछ।

३.८ नगरपालिका वा ग्रामीण स्तरका स-साना खानेपानी आयोजनाहरुको कार्यान्वयन गर्दा सम्बन्धित गाविस एवं नगरपालिकामार्फत उपभोक्ता संस्थाहरुसँग सम्झौता गरी कार्यान्वयन गराइनेछ। ठूला स्तरका खानेपानी आयोजनाहरु हाल सञ्चालित साना सहरी खानेपानी आयोजनामा अवलम्वन गरिएको खरिद प्रकृया बमोजिम हुने गरी कार्यान्वयन गरिनेछ।

खानेपानी तथा सरसफाई आयोजनाहरुको पुनर्निर्माण कार्यका लागि खानेपानी तथा ढल निकास विभागको योजना महाशाखाले केन्द्रीय आयोजना कार्यान्वयन इकाईको भूमिका निर्वाह गर्नेछ भने भूकम्प प्रभावित जिल्लाका खानेपानी डिभिजन कार्यालय अन्तर्गत जिल्ला आयोजना कार्यान्वयन इकाईहरुको स्थापना गरिनेछ।

स्थानीय तहमा हुने खानेपानी तथा सरसफाई सम्बन्धी पुनर्निर्माण कार्यका लागि जिल्ला आयोजना कार्यान्वयन इकाईले सम्बन्धित स्रोत केन्द्रमार्फतआवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ भने आयोजनाहरुको गुणस्तर चेकजाँचका लागि आवश्यक इन्जिनियरहरुको परिचालन गर्नेछ।

३.९ सडक विभागको कार्यक्षेत्र अन्तर्गतका रणनीतिक एवं क्षेत्रीयस्तरका सडक, स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको कार्य क्षेत्र अन्तर्गतका जिल्ला स्तरीय सडक, नेपाल विद्युत प्राधिकरण तथा सम्बद्ध विद्युत विकास सम्बन्धी निकाय अन्तर्गतका विद्युत गृह एवं ट्रान्समिसन लाइन, टेलिकम र त्यस्तै प्रकारका अन्य ठूला पूर्वाधारहरुको पुनर्निर्माण कार्यहरुको कार्यान्वयनका निम्ति सम्बन्धित मन्त्रालय/विभाग/ निकायको केन्द्रीय कार्यालयको योजना महाशाखाले केन्द्रीय आयोजना कार्यान्वयन इकाईको भूमिका निर्वाह गर्नेछ। आवश्यकता अनुसार स्थानीय आयोजना कार्यान्वयन इकाईहरुको स्थापना गरी खरिद प्रकृयामार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

३.१० माथि उल्लिखित कुनै पनि पुनर्निर्माण कार्यका लागि प्राधिकरणले बजेट निकासा तथा अख्तियारी सिधै केन्द्रीय आयोजना कार्यान्वयन इकाईको आयोजना निर्देशकलाई र निजले जिल्ला वा स्थानीय स्तरीय आयोजना कार्यान्वयन इकाईको आयोजना प्रबन्धकलाई दिने गरी व्यवस्था मिलाइनेछ। त्यस्तै खरिद एवं निर्माण कार्यको कार्यान्वयन पक्षसँग सम्बन्धित निर्णय लिनका लागि केन्द्रीय आयोजना कार्यान्वयन इकाईको आयोजना निर्देशकलाई विभागीय प्रमुख सरहको पूर्ण जिम्मेवारी दिने गरी व्यवस्था मिलाइनेछ।

३.११ विभिन्न सैनिक व्यारेकहरुमा भएको क्षतिको पुनर्निर्माण कार्य नेपाली सेनाको निर्माण तथा संभार विभागमार्फत गराइनेछ। माथि विभिन्न बुँदामा तोकिए बमोजिमका सरकारी निकायहरुद्वारा

सम्पादन गर्न नसकिने पुनर्निर्माण कार्य आवश्यकता अनुसार नेपाली सेनाको सहयोग लिई सम्पन्न गरिनेछ ।

३.१२ भूकम्पका कारण क्षति भएका सिंहदरबार सचिवालय एवं सर्वोच्च अदालत लगायतका ठूला भवन तथा संरचनाहरुको पुनर्निर्माणको लागि छुट्टै संयन्त्र मार्फत कार्य गरिनेछ ।

## ४. सामाजिक परिचालन तथा आर्थिक पुनर्स्थापना

४.१ सामाजिक परिचालनको संयोजन सम्बद्ध गाविस तथा नगरपालिकाहरुद्वारा गर्ने गरी व्यवस्था मिलाइनेछ । आवास पुनर्निर्माण कार्यका लागि ठूलो संख्यामा आवश्यक पर्ने सामाजिक परिचालकहरुको व्यवस्था सम्बद्ध स्रोत केन्द्रहरुमार्फत गरिनेछ ।

४.२ आर्थिक पुनर्स्थापनासँग सम्बन्धित कार्यलाई समेत पुनर्निर्माण अभियानसँगै अघि बढाइनेछ । यसका लागि सम्बद्ध मन्त्रालय/विभाग (जस्तै कृषि विभाग, पशु सेवा विभाग आदि) को योजना महाशाखाहरुले केन्द्रीय आयोजना कार्यान्वयन इकाईको भूमिका निर्वाह गर्नेछन् । त्यी मन्त्रालय/विभागका जिल्लास्थित कार्यालयहरुमा आवश्यकता अनुसार जिल्ला आयोजना कार्यान्वयन इकाई स्थापना गरी वा सिधै स्रोत केन्द्रमार्फत आवश्यक विज्ञ खटाई स्थानीय जनतालाई व्यावसायिक खेती प्रणाली, पशुपालन, पर्यटन व्यवसाय, साना उद्योग तथा अन्य रोजगार प्रबर्द्धन जस्ता आर्थिक विकासका कार्यक्रमहरुमा लाग्नका लागि प्रोत्साहित गरिनेछ ।

४.३ स्थानीय समुदायलाई सामुदायिक/सहकारी संस्थामा आबद्ध गराई आर्थिक उपार्जनका कार्यमा लगाइनेछ । सहकारी प्रणालीमार्फत स्थानीय जनतालाई व्यावसायिक खेती एवं पशुपंक्षी पालन, वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, लघु जलविद्युत जस्ता स्थानीय आर्थिक सम्भाव्यता अनुरुपका विभिन्न आर्थिक विकास कार्यमा लाग्न जोड दिइनेछ । पुनर्निर्माणका लागि आवश्यक निर्माण सामग्रीहरु जस्तै ईंटा, ढुंगा तथा काठको प्रयोग गर्ने गरी गरिने आवास निर्माण सम्बन्धी सामग्रीहरुको उत्पादन गर्नका लागि आवश्यक उद्योगहरुको स्थापना गर्नमा स्थानीय सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ । यसका लागि सम्बन्धित निकायहरुद्वारा आवश्यक प्राविधिक सहयोग, सीप विकास तथा लगानी प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । त्यस्तै पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षणका लागि आवश्यक पर्ने निर्माण सामग्री उत्पादनका लागि समेत स्थानीय सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

४.४ निर्माण क्षेत्रमा ठूलो मात्रामा आवश्यक पर्ने सीपयुक्त दक्ष जनशक्ति उत्पादनद्वारा रोजगार प्रबर्द्धनमा जोड दिइनेछ । सम्भव भएसम्म भूकम्प प्रभावित क्षेत्रका जनताहरुलाई प्राथमिकताका साथ निर्माणसँग सम्बन्धित सीप विकास तालिम प्रदान गरी स्वरोजगारको अवसर सिर्जना गरिनेछ । यसले निर्माण कार्यमा स्थानीय जनताले काम पाउने र त्यसरी आर्जन गरिएको रकमको केही हिस्सा आर्थिक उपार्जनसँग सम्बन्धित क्षेत्रमा सहकारी वा अन्य माध्यमद्वारा लगानी गरी थप आय

आर्जन हुने अवस्था सिर्जना गर्नेछ । यसका लागि स्रोत केन्द्रमार्फत आवश्यक सीप विकास तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

४.५ प्राधिकरणको आह्वानमा स्वयंसेवकहरुलाई भूकम्प प्रभावित क्षेत्रको आवास तथा अन्य पुनर्निर्माण कार्यमा स्रोत केन्द्रमार्फत परिचालन गरिनेछ । यसका लागि छुट्टै कार्यविधि तयार पारी सोही अनुरुप परिचालन गरिनेछ ।

४.६ भूकम्प प्रभावित क्षेत्रमा आर्थिक उपार्जन तथा आर्थिक पुनर्स्थापना सम्बन्धी कार्यका लागि लगानी परिचालन गर्न बैंकिङ क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

## ५. जनशक्ति व्यवस्थापन, प्राविधिक सहयोग तथा अन्तरसम्बन्धित विषय

५.१ व्यक्तिगत तथा सार्वजनिक भवनहरुको पुनर्निर्माणका लागि अनिवार्य रुपमा कम्तिमा एकजना भूकम्प प्रतिरोधी तालिम प्राप्त दक्ष निर्माणकर्मी/डकर्मीको नेतृत्वमा अन्य अर्धदक्ष तथा सामान्य निर्माणकर्मीहरुको परिचालन गर्नुपर्ने भएकाले तालिमप्राप्त डकर्मीहरु उत्पादन गर्ने गरी तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ । निर्माणकर्मी उत्पादन सम्बन्धी तालिम कार्यक्रमको लागि आवश्यक कार्यविधि तयार पारी लागू गरिनेछ । त्यस्तै स्रोत केन्द्रहरुमा दक्ष निर्माणकर्मी उत्पादनका लागि विभिन्न तहका तालिमहरु सञ्चालन गरिनेछन ।

५.२ निर्माण क्षेत्रमा आवश्यक पर्ने इन्जिनियर, सव-इन्जिनियर,समुदाय परिचालक, निर्माणकर्मी, निर्माण सामग्री व्यवस्थापक एवं नियामक तथा गुनासो व्यवस्थापक जस्ता जनशक्तिहरुको व्यवस्थापनका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुलाई स्रोत केन्द्रबाट सेवा दिने गरी परिचालित हुने व्यवस्था मिलाइनेछ । यसका लागि निश्चित मापदण्डसहित विषयगत तथा भूगोलगत कार्यक्षेत्र समेत तोकी प्राधिकरण, सम्बद्ध कार्यान्वयन निकाय तथा सम्बद्ध साझेदार संस्थासँग त्रिपक्षीय सम्झौतागरी उल्लिखित अनुसारका विभिन्न विषयका विज्ञ/जनशक्तिहरुको परिचालन गर्ने व्यवस्था मिलाइनेछ । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (अर्थात साझेदार संस्था) हरुमार्फत जनशक्ति परिचालन गर्दा सम्बद्ध विषयगत क्षेत्र र भूगोलका आधारमा सम्बन्धित जनशक्ति/विज्ञको पारिश्रमिक, सेवा, सुविधा र शर्तहरु समान हुने गरी तोक्ने व्यवस्था मिलाइनेछ ।

५.३ कुनै पनि निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी एवं दातृसंस्थाद्वारा भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि उपलब्ध गराइने वित्तीय सहयोगलाई प्राधिकरणको कोषमार्फत परिचालन गराइनेछ । यदि प्राधिकरणको कोषमार्फत परिचालन गर्न सम्भव नदेखिएको अवस्थामा प्राधिकरणले तोकेको मापदण्ड र कार्यक्षेत्रका आधारमा मात्र पुनर्निर्माण कार्य गर्नका लागि स्वीकृति दिइनेछ ।

५.४ विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायहरुद्वारा पुनर्निर्माण कार्यमा उपलब्ध गराउने आर्थिक तथा वित्तीय सहयोग परराष्ट्र मन्त्रालयसँगको समन्वय र अर्थ मन्त्रालयको स्वीकृतिमा प्राधिकरणको कोष मार्फत परिचालन गरिनेछ । यसरी सहयोग प्राप्त गर्दा हुने वित्तीय सम्झौता अर्थ मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा सम्बद्ध दातृ निकायका बीच हुने गरी त्रिपक्षीय रुपमा गरिनेछ ।

५.५ राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सम्बन्धी ऐनको प्रावधान अनुरुप नेपाल सरकार वा दातृ निकायबाट प्राप्त हुने आर्थिक सहयोग संसदबाट स्वीकृत वार्षिक बजेट अनुरुप अर्थ मन्त्रालयमार्फत प्राधिकरणको कोषमा एकमुष्ट अनुदानका रुपमा जम्मा हुने र प्राधिकरणको निर्देशक समितिको निर्णयानुसार प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । यसका लागि विस्तृत घरधुरी सर्वेक्षण तथा पूर्वाधार पुनर्निर्माण एवं पुनर्स्थापना सम्बन्धी विस्तृत सर्वेक्षण/अध्ययन पश्चात् एक ‘पञ्चवर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजना तयार गरिनेछ । उक्त योजनालाई विभिन्न क्षेत्रगत हिसाबले बजेट विनियोजन गर्न, आयोजनाहरुको प्राथमिकीकरण गर्न तथा अन्तर्राष्ट्रिय एवं राष्ट्रिय दातृ संस्थाहरुबाट स्रोत परिचालन गर्नका लागि महत्वपूर्ण आधारभूत योजनाका रुपमा लिइनेछ ।

५.६ प्राधिकरणद्वारा तोकिएको कार्यान्वयन निकायले वार्षिक बजेट तथा कार्यक्रम माथि उल्लिखित ‘पञ्चबर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजना’ मुताबिक तयार गरी स्वीकृतिका लागि पुनर्निर्माण प्राधिकरणमा पेश गर्नुपर्नेछ र सम्बद्ध केन्द्रीय आयोजना कार्यान्वयन इकाईका आयोजना निर्देशकलाई पनि सोही आधारमा प्राधिकरणले आयोजना स्वीकृति सहित अख्तियारी दिनेछ ।

५.७ प्राधिकरणद्वारा स्वीकृत गरिएको ‘पञ्चवर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजना’ मा तोकिएका ठूला आयोजनाहरुलाई कार्यान्वयन निकायहरुले बहुवर्षीय ठेक्का प्रणालीबाट कार्यान्वयन गराउन सक्नेछन् । त्यसका लागि बजेट फ्रिज नहुने व्यवस्था मिलाइनेछ । यस पञ्चवर्षीय योजना स्वीकृत हुनु पूर्व प्राधिकरणले आफनो नियमित कार्य निर्देशक समितिले निर्देश गरे बमोजिम हुनेछ ।

५.८ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका उपक्षेत्रीय कार्यालयहरुले पुनर्निर्माणतर्फको व्यवस्थापन र अनुगमन गर्दा निम्नलिखित कार्य गर्नेछन् ।

- आफ्नो क्षेत्र भित्रका जिल्लाहरुको पुनर्निर्माण योजना तयारी तथा सोको कार्यान्वयनलाई सुनिश्चित गराउने ।
- जिल्ला समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउने ।
- विभिन्न विभाग/डिभिजन कार्यालय/जिल्ला कार्यालयमा आबद्ध भई स्थापना गरिएका क्षेत्रगत/विषयगत आयोजना कार्यान्वयन इकाईहरु मार्फत भए गरेका पुनर्निर्माण आयोजनाहरुको प्रगति अवस्था र गुणस्तरको अनुगमन गर्ने ।

- प्राधिकरणको केन्द्रीय कार्यालयले तोके बमोजिमका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरु (अर्थात साझेदार संस्थाहरु) सँग त्रिपक्षीय (प्राधिकरण, कार्यान्वयन निकाय र साझेदार संस्थाका बीच) सम्झौता गर्ने ।
- कार्यक्षेत्र (जिल्ला एवं स्रोत केन्द्र सहितका गाविस/नगरपालिकाहरु) र विषयगत क्षेत्र तोक्ने तथा सो बमोजिम भए नभएको सम्बन्धमा अनुगमन गर्ने ।
- स्रोत केन्द्रहरुबाट उपलब्ध गराइने सहयोग तथा सेवा प्रवाहको अवस्था अनुगमन गर्ने ।
- जिल्ला समन्वय समितिको सुझाव समेत लिई स्रोत केन्द्रहरु तोक्ने, स्थापना गर्ने र परिचालन गर्ने व्यवस्था मिलाउने ।
- प्राधिकरणकातर्फबाट स्रोत केन्द्र एवं जिल्ला समन्वय समितिमा एक-एक जना अधिकृतहरु तोक्ने र निजहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।
- राष्ट्रिय पुनर्निर्माण योजना एवं लक्ष्य मुताबिक गाविस, नगरपालिका तथा जिविसहरुलाई एकीकृत पुनर्निर्माण योजना तयार पार्न लगाई केन्द्रीय सरकारका विभिन्न विषयगत निकायहरु एवं सम्बद्ध स्थानीय निकायहरुको तर्फबाट हुने नियमित बजेट तथा कार्यक्रम एवं पुनर्निर्माण बजेट तथा कार्यक्रमलाई एकीकृत ढंगले परिचालन गर्न लगाउने ।
- प्राधिकरणको केन्द्रीय कार्यालय र जिल्ला, स्रोत केन्द्र एवं गाविस/नगरपालिकातहमा रहेका पुनर्निर्माणसँग सम्बन्धित निकायहरुका बीच समन्वय र सहजीकरण गर्ने/गर्न लगाउने ।
- पुनर्निर्माण कार्यसँग सम्बन्धित सूचना तथा सञ्चार प्रणालीलाई एकीकृत ढंगले परिचालन गर्ने ।
- पुनर्निर्माण कार्यमा आवश्यक पर्ने सुरक्षा व्यवस्थालाई सम्बद्ध क्षेत्रीय एवं जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायहरुसँग समन्वय गरी व्यवस्थित र सुनिश्चित गर्ने ।
- पुनर्निर्माण कार्यमा आउने सबै प्रकारका गुनासाहरु सुन्ने व्यवस्था मिलाउने र समाधान गर्ने/गराउने ।

उपक्षेत्रीय कार्यालयहरुको कार्य सम्पादन, अनुगमन र मूल्याङ्कन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गर्नेछ ।

५.९ प्राधिकरणलाई आवश्यक पर्ने जनशक्ति नेपाल सरकारले उपलब्ध गराउनेछ । नेपाल सरकारबाट कर्मचारी उपलब्ध हुन नसकेमा प्राधिकरण आफैले करार सेवामा लिने व्यवस्था मिलाउने छ । यसलाई आवश्यक पर्ने विशेषज्ञहरु आफै वा दातृ निकायहरुको सहयोगमा व्यवस्था मिलाइनेछ । पुनर्निर्माण कार्यको कार्यान्वयनका निम्ति आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन केन्द्रीय आयोजना

कार्यान्वयन इकाईहरुले प्राधिकरणद्वारा स्वीकृत जनशक्ति व्यवस्थापन कार्यविधि अनुरुप खुल्ला प्रतिस्पर्धात्मक प्रणाली अवलम्बन गरी गर्नेछन् ।

५.१० विभिन्न विकास साझेदार संस्थाहरुमार्फत परिचालन गरिने जनशक्ति व्यवस्थापनमा एकरुपता ल्याउन लगाइनेछ । प्राधिकरणले विभिन्न विषयगत विज्ञता एवं भूगोलगत कार्यक्षेत्रका आधारमा सबै साझेदार संस्थाहरुबाट नियुक्त भई परिचालन गरिने विज्ञ/कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवा शर्तहरुका सम्बन्धमा सम्बद्ध साझेदार संस्थाहरुसँग समेत छलफल गरी आवश्यक मापदण्ड निर्धारण गर्नेछ र सबै साझेदार संस्थाहरुले उक्त मापदण्ड अनुरुप व्यवस्थापन गर्नुपर्नेछ ।

५.११ विभिन्न विषयगत क्षेत्रमा सुझाव दिनका प्राधिकरणको समन्वयमा मन्त्रालय, विभाग एवं निकायहरु, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दातृ निकाय एवं गैरसरकारी संस्थाहरु तथा विषय विज्ञहरु सम्मिलित विषयगत समितिहरु गठन गरिनेछ ।

५.१२ प्राधिकरणका सम्बन्धमा बनेको ऐन, राष्ट्रिय पुनर्निर्माण नीति, नियमावली, कार्यविधि, समेतलाई ध्यानमा राख्दै प्राधिकरणले 'पुनर्निर्माण कार्य सञ्चालन निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउनेछ । उक्त निर्देशिकाले प्राधिकरणको आन्तरिक कार्य सञ्चालन विधि निर्धारण गर्नुका साथैत्यसले प्राधिकरणद्वारा स्वीकृत बजेट तथा कार्यक्रम अनुरुप पुनर्निर्माणमा संलग्न हुने सम्पूर्ण कार्यान्वयन निकायहरुबाट गरिने कार्य सञ्चालन प्रक्रिया र विधि सम्बन्धी स्पष्टता ल्याउनेछ । त्यस्तै गरी विभिन्न दातृ निकाय तथा संस्थाहरुबाट निर्धारण गरिएका वा गरिने आयोजना सञ्चालन कार्यविधिलाई समेत प्राधिकरणको उक्त कार्य सञ्चालन निर्देशिका अनुरुप बनाइनेछ ।

५.१३ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना हुनु अगावै मन्त्रिपरिषद्, सम्बद्ध मन्त्रालय, एवं राष्ट्रिय योजना आयोगद्वारा स्वीकृत वा सिफारिश भएका पुनर्निर्माणसँग सम्बन्धित विभिन्न नीति, कार्यविधि तथा निर्देशिकाहरुलाई प्राधिकरणसँग सम्बन्धित ऐन एवं राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीतिअनुरुप हुने गरी परिमार्जन गरिनेछ ।

५.१४ विषयगत केन्द्रीय आयोजना समन्वय समिति : पुनर्निर्माण सम्बन्धी विभिन्न क्षेत्र अन्तर्गतका आयोजनाहरुको कार्यान्वयन प्रकृयालाई सहज बनाउन तथा यस सम्बन्धमा प्राधिकरणलाई आवश्यक सिफारिश गर्नका लागि प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा सम्बद्ध मन्त्रालय, प्राधिकरण, राष्ट्रिय योजना आयोग तथा अर्थमन्त्रालका सचिव एवं सम्बद्ध विभागका महानिर्देशक तथा आयोजना निर्देशकहरु सदस्य र प्राधिकरणका सम्बद्ध महाशाखाका सहसचिव सदस्य सचिव रहने गरी विषयगत रुपमा विषयगत केन्द्रित आयोजना समन्वय समिति गठन गरिनेछ ।

५.१५ केन्द्रीय कार्यान्वयन इकाईमार्फत सम्पादन गर्नुपर्ने पुनर्निर्माण कार्य सम्पादन सुनिश्चित गर्नका लागि प्राधिकरणका सचिव प्रथम पक्ष, सम्बद्ध मन्त्रालयका सचिव एवं सम्बन्धित विभागका महानिर्देशक दोस्रो पक्ष तथा सम्बन्धित आयोजना निर्देशक तेस्रो पक्ष रहने गरी एक त्रिपक्षीय कार्य सम्पादन सम्झौता गरिनेछ । उक्त सम्झौतामा मूल रुपमा प्राधिकरणले केन्द्रीय आयोजना कार्यान्वयन इकाईलाई यथासमयमै तोकिएको बजेट उपलब्ध गराइदिने तथा प्राधिकरणका तर्फबाट दिनुपर्ने स्वीकृति दिने, सम्बन्धित मन्त्रालय एवं विभागले आयोजना कार्यान्वयन इकाईलाई आवश्यक पर्ने जनशक्ति तथा अन्य सहयोग उपलब्ध गराइदिने र सम्बद्ध आयोजना निर्देशकले निर्धारित कार्यान्वयन योजना अनुरुप पुनर्निर्माण कार्य सम्पन्न गर्नु पर्ने गरी त्रिपक्षीय कार्य जिम्मेवारी तोकिनेछ ।

त्यसैगरी प्राधिकरणको उप-क्षेत्रीय कार्यालयका प्रमुख, सम्बद्ध आयोजनाका आयोजना निर्देशक र सम्बद्ध जिल्ला/स्थानीय आयोजना कार्यान्वयन इकाईका आयोजना प्रमुखका बीच त्रिपक्षीय सम्झौता गरी जिल्ला एवं स्थानीय तहमा निर्धारित पुनर्निर्माण योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सुनिश्चित गरिनेछ । उक्त सम्झौताका आधारमा प्राधिकरण एवं सम्बद्ध मन्त्रालयले निजहरुको कार्य सम्पादन मूल्याङ्कन गर्नेछन् । कार्य सम्पादन अवस्था सन्तोषजनक नभएको अवस्थामा प्राधिकरणले कारवाहीको लागि वा पदाधिकारी परिवर्तन गर्नका लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

५.१६ पुनर्निर्माण कार्यको योजना तयारी, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका निम्ति सूचना प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणाली तयार पारी लागू गरिनेछ । यसलाई प्राधिकरणको संस्थागत संरचना र कार्य सञ्चालन निर्देशिकासँग आबद्ध गराइनेछ । उक्त व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय एवं जिल्ला तहका कार्यान्वयन इकाईदेखि केन्द्रीय आयोजना कार्यान्वयन इकाई, सम्बद्ध मन्त्रालय तथा प्राधिकरणका उपक्षेत्रीय एवं केन्द्रीय कार्यालयहरुमा राखी एकअर्का संस्था एवं निकायहरुसँग अन्तरसम्बन्धित बनाइनेछ । सम्भव भएसम्म विभिन्न सरकारी निकाय एवं दातृ निकायहरुमा पठाउनु पर्ने प्रगति प्रतिवेदन उक्त सूचना प्रणालीबाटै जाने गरी व्यवस्था मिलाइनेछ ।

५.१७ पुनर्निर्माणसँग सम्बन्धित निकायहरुको कार्य सम्पादन अवस्थाको प्रगति समीक्षा मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक एवं मध्यावधि रुपमा गरिनेछ । मासिक एवं चौमासिक प्रगति समीक्षाबाट कार्य सम्पादनका क्रममा आएका समस्याहरुको समाधान गर्ने र कार्य प्रगति प्रभावकारी बनाउने तथा अर्धवार्षिक प्रगति समीक्षालाई बजेट एवं कार्यक्रममा थपघट गर्नुपर्ने भएमा सो गर्ने गरी केन्द्रित गरिनेछ । वार्षिक समीक्षावाट आगामी वर्षका लागि आवश्यक पर्ने बजेट, कार्यक्रम तथा जनशक्ति निर्धारण गर्ने तथा कार्य सम्पादन मूल्याङ्कन गर्ने कुरामा केन्द्रित

गरिनेछ । पञ्चवर्षीय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजनाको मध्यावधि समीक्षाबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्य सञ्चालन प्रणाली, संस्थागत संरचना, पुनर्निर्माण नीति, बजेट व्यवस्था तथा प्राधिकरणको कार्य सम्पादनमा सुधार गरिनेछ ।

५.१८ दीर्घकालीन रुपमा पुनर्निर्माण सम्बन्धी सम्पूर्ण कार्यलाई योजनाबद्ध, व्यवस्थित र एकीकृत ढंगले सञ्चालन गर्नका निम्ति सम्बद्ध विषयगत मन्त्रालय एवं निकायहरु, दातृ निकायहरु तथा अन्य सरोकारवालाहरु समेतको सहभागितामा "पुननिर्माण तथा पुनर्स्थापनाको खाका" एवं "पञ्चवर्षिय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजना" तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

५.१९ उल्लिखित पञ्चवर्षिय राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना योजना अनुरुप भूकम्प प्रभावित जिल्ला, गाउँ तथा नगरहरुको पुनर्निर्माण तथा पुनर्स्थापना योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ । भूकम्प प्रभावित जिल्ला, गाउँ तथा नगरमा सम्बन्धित सरकारी तथा स्थानीय निकाय, गैर-सरकारी संस्था एवं अन्य विभिन्न संघ संस्थाहरुबाट नियमित रुपमा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई उल्लिखित राष्ट्रिय, जिल्ला, गाउँ तथा नगरस्तरीय योजनाको अभिन्न र एकीकृत अङ्गका रुपमा कार्यान्वयन गरिनेछ ।

**समाप्त**

# अनुसूची-२

## केन्द्रीय संगठन संरचना



# अनुसूची-३

## तहगत संस्थागत संरचना




नोटः

(१) प्राधिकरणको उपक्षेत्रीय कार्यालयमा समेत केन्द्रीय कार्यालयमा जस्तै आवश्यकता अनुसार विभिन्न विषयगत इकाईहरु हुन सक्नेछन् ।

(२) भूकम्पबाट अति प्रभावित १४ वटा जिल्लाका जिल्ला समन्वय समितिका सचिवका रुपमा प्राधिकरणको उपक्षेत्रीय कार्यालयबाट तोकिएका अधिकृतले समितिका सचिवका रुपमा कार्य गर्नेछन् । प्रभावित बाँकी १७ वटा जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई सो जिम्मेवारी दिइनेछ ।

(३) स्थानीय स्रोत केन्द्रको संयोजक तथा स्थानीय गुनासो व्यवस्थापन अधिकृतका रुपमा कार्य गर्नका निम्ति प्राधिकरणको उपक्षेत्रीय कार्यालयले एक एकजना अधिकृतलाई खटाउनेछ । निज अधिकृतले उपक्षेत्रीय कार्यालय प्रमुखप्रति प्रत्यक्ष जिम्मेवार भई कार्य गर्नेछ र जिल्ला समन्वय समितिमा समेत रिपोर्टिङ गर्नेछ ।

## अनुसूची - ४

## केन्द्रीय तहको संस्थागत संरचना र अन्तरसम्बन्ध




नोटः (१) पुनर्निर्माण कार्यको मात्रा (Volume of Reconstruction Tasks) का आधारमा ठूलो कार्यक्षेत्र भएका सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय गरी चार वटा मन्त्रालय अन्तर्गत रहने गरी विभागीय तहको अधिकार र कार्य जिम्मेवारी सहितको विषयगत केन्द्रीय आयोजना कार्यान्वयन इकाई (CL-PIU) स्थापना गरिनेछ, जसमा विभागिय प्रमुख सरहको रा.प. प्रथम श्रेणीको सम्बद्ध विषयको आयोजना निर्देशक रहनेछ । उक्त इकाईका आयोजना निर्देशकलाई प्राधिकरणले सिधै बजेट निकासा सहितको अख्तियारी दिनेछ र निजले सो अख्तियारी आवश्यकता अनुसार आफू अन्तर्गतको जिल्लास्थित आयोजना कार्यान्वयन इकाईको आयोजना प्रमुखलाई दिनेछ ।

(२) बुँदा नं. १ मा उल्लिखित बाहेकका पुनर्निर्माणसँग सम्बन्धित अन्य मन्त्रालय अन्तर्गत गर्नु पर्ने पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी कार्यको कार्यान्वयनका लागि सम्बन्धित विभागका महानिर्देशकलाई प्राधिकरणले सीधै अख्तियारी दिनेछ । उक्त विभाग अन्तर्गतको योजना महाशाखाले सम्बन्धित विषयगत क्षेत्रको पुनर्निर्माण तथा पुनर्स्थापना कार्यको लागि केन्द्रीय कार्यान्वयन इकाईका रुपमा कार्य गर्नेछ । आवश्यक परेमा उपसचिव सरहको एकजना कर्मचारी र एकजना कम्प्युटर अपरेटर उपलब्ध गराइनेछ ।

(३) पुनर्निर्माण कार्यलाई समयमै कार्यान्वयन गराउने कुराको सुनिश्चिततताका निम्ति सम्बद्ध आयोजना निर्देशकको कार्यान्वयन जिम्मेवारी रहने, सम्बद्ध मन्त्रालयका सचिव एवं विभागका महानिर्देशकको जनशक्ति व्यवस्थापन र सहजीकरणको जिम्मेवारी रहने, र प्राधिकरणका सचिवको बजेट निकासा एवं अनुगमनको जिम्मेवारी रहने गरी त्रिपक्षीय कार्य सम्पादन करार सम्झौता गरिनेछ ।

४) पुनर्निर्माण कार्यका सम्बन्धमा आयोजना प्राधिकरण, सम्बद्ध मन्त्रालय एवं विभाग, आयोजना केन्द्रीय कार्यान्वयन इकाई तथा अन्य निकायहरुका बीचमा समन्वय स्थापना गर्न, कार्यान्वयन सम्बन्धमा देखिएका नीतिगत समस्या समाधान गर्न, प्रगति समीक्षा गर्न तथा योजना तर्जुमा गर्नका लागि प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत संयोजक, प्राधिकरणका कार्यकारी समितिका सम्बद्ध सदस्य उपसंयोजक, सम्बन्धित मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, राष्ट्रिय योजना आयोग एवं अर्थ मन्त्रालयका सचिव एवं केन्द्रीय आयोजना कार्यान्वयन इकाईका आयोजना निर्देशक सदस्यहरु र प्राधिकरणका सम्बद्ध महाशाखाका प्रमुख ( सहसचिव) एवं आयोजना संयोजक सदस्य सचिव रहने गरी एक विषयगत आयोजना समन्वय समिति रहनेछ । उक्त समितिमा आवश्यकता अनुसार सम्बद्ध दातृ निकाय, साझेदार संस्था तथा अन्य सम्बन्धित निकाय, संस्था एवं व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

# अनुसूची - ५

## स्थानीय संरचना

### (क) गाउँ विकास समितितर्फ




नोटः

१) स्थानीय स्रोत केन्द्रले गाविस अन्तर्गत रहने पुनर्निर्माण आयोजना कार्यान्वयन इकाईलाई आवश्यक सहयोग उपलब्ध गराउनुका साथै त्यहाँबाट हुने पुनर्निर्माण कार्यको रेखदेख समेत गर्नेछ ।
२) स्थानीय स्रोत केन्द्रमा आवश्यक पर्ने जनशक्ति सम्बन्धित आयोजना तथा विभिन्न साझेदार संस्थाहरुमार्फत व्यवस्थापन गरिनेछ ।

**(ख) नगरपालिकातर्फः**




१) प्राधिकरणको उपक्षेत्रीय कार्यालयले एक जना अधिकृतलाई योजना, अनुगमन तथा गुनासो व्यवस्थापन अधिकृतका रुपमा तोकी नगरपालिकाको पुनर्निर्माण आयोजना कार्यान्वयन इकाईमा खटाउनेछ ।

२) नगरपालिकाहरुमा स्रोत केन्द्र नराखी नगरपालिका अन्तर्गत स्थापना गरिने पुनर्निर्माण आयोजना कार्यान्वयन इकाईमा आवश्यक विषयगत सहयोग इकाईहरु राखिनेछ र त्यसमा सम्बद्ध आयोजना कार्यालय तथा अन्य विभिन्न साझेदार संस्थाहरुमार्फत आवश्यक जनशक्तिहरुको व्यवस्थापन गरिनेछ ।

# अनुसूची - ६

## उपक्षेत्रीय एवं जिल्ला तहको संरचना र अन्तरसम्बन्ध




नोटः

(१) विषयगत जिल्ला आयोजना कार्यान्वयन इकाईलाई सम्बद्ध क्षेत्रको जिल्लास्थित आयोजना कार्यान्वयन सम्बन्धी सम्पूर्ण अधिकार दिइनेछ । उक्त इकाईका आयोजना प्रमुख (Project Manager) लाई सम्बन्धित अयोजना निर्देशकबाट बजेट निकासा सहित सीधै अख्तियारी प्राप्त हुनेछ ।

(२) सम्बद्ध विषयगत डिभिजन कार्यालय वा जिल्ला कार्यालयले सम्बन्धित विषयगत जिल्ला आयोजना कार्यान्वयन इकाईलाई जनशक्ति व्यवस्थापन लगायतका कार्यहरुमा सहयोग पुऱ्याउनु पर्नेछ ।

(३) प्राधिकरणको उपक्षेत्रीय कार्यालय प्रमुखको अनुगमनकारी भूमिका रहने, सम्बन्धित आयोजना निर्देशकको कार्यान्वयन सम्बन्धी निर्देशन, सहजीकरण, जनशक्ति व्यवस्थापन एवं बजेट व्यवस्थापन सम्बन्धी भूमिका रहने, तथा सम्बद्ध आयोजना प्रमुखको कार्यान्वयन सम्बन्धी भूमिका रहने गरी त्रिपक्षीय कार्य सम्पादन सम्झौता गरिनेछ ।

४) जिल्ला समन्वय समितिले पुनर्निर्माणसँग सम्बन्धित जिल्लास्थित कार्यालयहरुका बीचमा समन्वय गर्ने, कार्य प्रगति समीक्षा गर्ने कार्यमा आवश्यक भूमिका निर्वाह गर्नेछ ।

# अनुसूची- ७

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

### आवास, बस्ती विकास, सार्वजनिक भवन तथा सहरी पूर्वाधार पुनर्निमाण सम्बन्धी कार्यान्वयन संरचना




नोटः

१) सार्वजनिक भवन तथा स्वास्थ्यसँग सम्बन्धित भवनहरुको पुनर्निर्माणका साथै अन्य निकायबाट गरिने भवन निर्माणका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी यस निकायको रहनेछ ।

२) ग्रामीण आवासतर्फको प्राविधिक सहयोग, निरीक्षण र प्रमाणीकरण यस इकाईले, तथा आवास अनुदान एवं स्थानीय पूर्वाधार पुनर्निर्माणतर्फको कार्य संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गतको पुनर्निर्माण आयोजना कार्यान्वयन इकाईहरुले गर्नेछन् ।

# अनुसूची - ८

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

### आवास, अनुदान तथा ग्रामीण पूर्वाधार पुनर्निमाण सम्बन्धी कार्यान्वयन संरचना




नोटः

१) ग्रामीण आवासतर्फको अनुदान वितरण गर्ने र गाविस तहको ग्रामीण पूर्वाधार पुनर्निर्माण कार्यमा प्राविधिक सहयोग र निरीक्षण कार्य यस इकाईको हुनेछ भने ग्रामीण आवासका लागि प्राविधिक सहयोग र निरीक्षण सहरी विकास मन्त्रालय अन्तर्गतको पुनर्निर्माण इकाईको हुनेछ ।

# अनुसूची-९

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

### शिक्षा क्षेत्रसँग सम्बन्धित पुनर्निमाण सम्बन्धी कार्यान्वयन संरचना




नोटः

१) विद्यालय भवनहरुको पुनर्निर्माण कार्य सम्भव भएसम्म स्थानीय विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन गराइनेछ र त्यसका लागि उल्लिखित जिल्ला कार्यान्वयन इकाईले स्थानीय स्रोत केन्द्रमार्फत प्राविधिक सहयोग तथा प्राविधिक निरीक्षण गर्ने व्यवस्था मिलाउनेछ।

२) विद्यालय बाहेकाका शिक्षण संस्थाका भवनहरुको पुनर्निर्माण कार्य उल्लिखित आयोजना कार्यान्वयन इकाईको प्राविधिक सहयोग र निरीक्षणमा सम्बन्धित शिक्षण संस्थाहरुमार्फत कार्यान्वयन गराइनेछ।

# अनुसूची- १०

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

### संस्कृति तथा पर्यटन पूर्वाधारसँग सम्बन्धित पुनर्निर्माण सम्बन्धी कार्यान्वयन संरचना




नोटः

१) पर्यटन तथा संस्कृति मन्त्रालय एवं विभागहरु अन्तर्गत जिल्ला तथा स्थानीय तहमा रहने कार्यालयहरुले पुनर्निर्माणसंग सम्बन्धित स्थानिय कार्यान्वयन इकाईहरुलाई जनशक्ति व्यवस्थापन गर्नेमा सहयोग पुऱ्याउनेछन् ।

२) पर्यटन तथा सम्पदा संरक्षण सम्बन्धी कार्यहरु नगरपालिका क्षेत्रभित्रका हकमा सम्भव भएसम्म सम्बन्धित नगरपालिकाहरु मार्फत सञ्चालन गरिनेछन् ।